


# नेपालमा सहकार्यको रूपरेखा

Japan International Cooperation Agency

# जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)

जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) जापान सरकारले उपलब्ध गराउने औपचारिक विकास सहायता (ODA) परिचालन तथा समन्वय गर्ने सरकारी निकाय हो । जाइका विश्वको सबैभन्दा ठूलो द्विपक्षीय सहायता निकायमध्येको एक हो । जाइकाको जापानबाहिर ९६ वटा कार्यालय रहेका छन् र ती कार्यालयबाट १५० भन्दा बढी देशहरूमा कार्य गरिन्छ । विकासशील देशहरूको आर्थिक तथा सामाजिक समृद्धिमा सहयोग पुऱ्याउनु र अन्तर्राष्ट्रिय सहयोगको प्रवर्द्धन गर्नु जाइकाको प्रमुख जिम्मेवारी हो ।

जाइकाले आफ्नो "Leading the world with Trust" भन्ने दीर्घकालीन सोचअनुसार फिल्डमा काम गर्ने पद्धति, मानव सुरक्षा र सुदृढ प्रभावकारिता, दक्षता एवम् काम गर्ने गतिजस्ता प्रमुख आधारस्तम्भहरूमा आधारित रहँदै आफ्ना क्रियाकलापहरूलाई अगाडि बढाइरहेको छ । जाइकाले विकासशील मुलुकका विकास तथा अन्य समस्याहरूको समाधानमा विभिन्न किसिमका सहायता प्रदान गर्दछ ।



# विषयसूची

**परीचय**

नेपालमा जाइकाको समग्र योगदान ५
प्रमुख प्रतिनिधिको सन्देश ६
लक्ष्य, दीर्घकालीन सोच र कार्य ८
नेपालमा जाइकाको सहयोगको इतिहास ९
औपचारिक विकास सहायता (ODA) र जाइका १०

**आधिकारिक विकास सहायता**

सडक यातायातको विकास १३
नागरिक उड्डयनको विकास १६
जलविद्युत् उत्पादन, प्रसारण तथा वितरण क्षमतामा सुधार २०
कृषि तथा ग्रामीण विकास २३
सबैका लागि समतामूलक तथा गुणस्तरीय शिक्षा २९
सामुदायिक स्वास्थ्य सुधार ३३
शहरी वातावरणमा सुधार ३८
निजी क्षेत्रको विकास ४२
भूकम्पपछिको पुनर्निर्माण अझ राम्रो र बलियो निर्माण मार्फत उत्थानशील नेपालको निर्माण ४५
विपद् जोखिम न्यूनीकरण ४८
जलवायु परिवर्तन अनुकूलन कार्यक्रम ५१
सरकारको प्रशासनिक क्षमता अभिवृद्धि ५३
लोकतान्त्रिकरणमा सहयोग ५९
जाइकाको साझेदारी कार्यक्रम ६३
नेपालमा स्वयंसेवक कार्यक्रम ६५
ज्ञान आदानप्रदान कार्यक्रम ६७
नेपालमा जाइका ODA परियोजनाहरूको पूर्ण सूची (एनेक्स) ६९

# नेपालमा जाइकाको समग्र योगदान

**प्राविधिक सहयोग**
**८३ अर्ब जापानी येन**
(आर्थिक वर्ष २०२१ सम्म)

**ऋण सहयोग**
**१३१ अर्ब जापानी येन**
(आर्थिक वर्ष २०२१ सम्म)

**अनुदान सहयोग**
**१६४ अर्ब जापानी येन**
(आर्थिक वर्ष २०२१ सम्म)

**जापानमा प्रशिक्षार्थी पठाएको**
**६,४६४ व्यक्ति**
(आर्थिक वर्ष २०२१ सम्म)

**नेपालमा विज्ञ जनशक्ति पठाएको**
**३,९६७ व्यक्ति**
(आर्थिक वर्ष २०२१ सम्म)

**जापानी स्वयंसेवक पठाएको**
**१,४३६ व्यक्ति**
(आर्थिक वर्ष २०२१ सम्म)

**१६० किलोमिटर**
सिन्धुली–बर्दिबास सडकखण्ड निर्माण परियोजना
**९.१ किलोमिटर**
काठमाडौं भक्तपुर सडक स्तरोन्नति परियोजना

**५१ प्रतिशत**
काठमाडौंमा खानेपानी प्रशोधन संरचनाहरू

**११ प्रतिशत**
नेपालको कुल विद्युत् उत्पादन

**५,५२१**
विद्यालय भवन निर्माण



**११,७३५**
कक्षाकोठा निर्माण

आपत्कालीन आवास पुनर्निर्माण परियोजना
**९५,000**
भन्दा बढी लाभान्वित भएको

# प्रमुख प्रतिनिधिको सन्देश



**ओकुबो अकिमित्सु**
प्रमुख प्रतिनिधि
जाइका नेपाल

नेपाल र जापानबीच मित्रताको इतिहास लामो छ । यी दुई देशले सन् १९५६ मा कूटनीतिक सम्बन्ध स्थापना गरेदेखि नै जापान सरकारले नेपाललाई विभिन्न प्रकारका सहयोग गर्दै आएको छ । जापान सरकारको औपचारिक विकास सहायता (ODA) अन्तर्गत प्रदान गरिने सहयोगको कार्यान्वयन गर्ने निकाय जाइका हो ।

जाइकाले नेपालमा आफ्नो सहयोग ५० वर्षअघि शुरु गरेको थियो । त्यसबेलादेखि नै जाइकाले नेपालको विकासमा बृहत्तर सहयोग गर्ने उद्देश्य राखी नेपालमा यातायात, ऊर्जा, खानेपानी तथा सरसफाइदेखि लिएर उड्डयन, शिक्षा, स्वास्थ्य, शान्ति स्थापना, कानून, सुशासन र कृषि क्षेत्रसम्मका विकास प्रयासहरूमा सहयोग

गर्दै आएको छ । नेपालमा जाइकाले प्रदान गर्ने सहयोगका विभिन्न स्वरूपहरूमा ऋण लगानी, अनुदान सहायता, प्राविधिक सहयोग र स्वयंसेवक कार्यक्रमलगायत छन् । नेपालका सरकारी निकायहरूमा जापानी विज्ञहरूबाट प्रदान गरिने सल्लाह र नेपालका सरकारी अधिकारीलाई जापानमा प्रदान गरिने प्रशिक्षण कार्यक्रमहरूले स्थलगत (on-site) स्तरमा कार्यगत सम्बन्धलाई घनिष्ठ बनाउन र विस्तार सहयोग गरेको छ । यस प्रकारका सहकार्यले दुई देशबीचको आपसी समझदारी अझ सुदृढ बनाउन र सौहार्दपूर्ण सम्बन्ध, मित्रता र विश्वास प्रवर्द्धन गर्न सहयोग गरेको छ । यसका अतिरिक्त, जाइकाले २०७२ सालमा नेपालमा गएको महाभूकम्पमा तत्कालै राहत तथा उद्धारका लागि सहयोग गरेको थियो । साथै जाइकाले आफ्नो सहयोगलाई विस्तार गर्ने क्रममा अझ राम्रो र बलियो निर्माण (Build Back Better) अवधारणलाई अवलम्बन गर्दै भूकम्पपछिको पुनर्स्थापना र पुनर्निर्माणमा सहयोग गरेको थियो ।

२०७६ साल चैत्रयता नेपाल कोभिड-१९ महामारीका कारण सिर्जित कठिनाइको सामना गरिरहेको छ । यस कठिन परिस्थितिमा पनि नेपाललाई सँगसँगै रहेर सहयोग गर्ने उद्देश्यसहित जाइकाले आफ्ना कार्यहरू पूरा गर्न सक्दो प्रयास गरिरहेको छ । अहिले कोभिड-१९ ले थप कस्तो परिस्थिति उत्पन्न गर्ला भनेर अनुमान गर्न नसके पनि हाम्रो महत्वपूर्ण समकक्षी राष्ट्र नेपालको विकासका लागि हामी हरसम्भव उपायहरू अवलम्बन गर्नेछौं ।

सन् २०२२ मा नेपालले पहिलो पटक नेपाली विद्यार्थीहरूलाई जापान पठाएको १२० औं वार्षिकोत्सव मनायो र जापानले यस वार्षिकोत्सवलाई जापान-दक्षिण एशिया आदानप्रदान वर्ष (Japan-South Asia Exchange Year) को रूपमा मनायो । यस अवसरमा जाइकाको नेपालस्थित कार्यालयले जापानमा अध्ययन गर्न चाहने व्यक्तिहरूलाई जापान सरकारले उपलब्ध गराउने विभिन्न छात्रवृत्तिमा जापानमा उच्च अध्ययनको अवसरको लाभ लिन प्रोत्साहन गरेको थियो । यसले जापानका विभिन्न उत्कृष्ट विश्वविद्यालयहरूबाट उच्च गुणस्तरीय शिक्षा लिने अवसरका साथै जापानी संस्कृतिको अनुभव र जापानीहरूबारेको बुझाइसमेत हासिल गर्न सहयोग गर्नेछ ।

जाइका नेपालस्थित कार्यालयले प्रकाशित गरेको ब्रोसरले नेपालमा जाइकाको सहयोगका साथै यसले सञ्चालन गर्दै आइरहेका विविध गतिविधिहरूबारे संक्षिप्त रूपमा जानकारी प्रदान गर्दछ । हाम्रो दीर्घकालीन सोच Leading the World with Trust लाई साकार पार्न जाइका नेपालले दिगो शान्ति तथा समृद्धिका लागि नेपाली जनता र नेपाल सरकारलाई अधिकतम सहयोग प्रदान गर्दै नेपालसँगको बलियो सम्बन्धलाई अघि बढाउने छ ।

# लक्ष्य, दीर्घकालीन सोच र कार्य

विकास सहकार्य वडापत्र (Development Cooperation Charter) अनुसार जाइकाले मानव सुरक्षा तथा गुणस्तरीय विकासमा कार्य गर्नेछ ।




**प्रतिबद्धता**

गर्व तथा लगावसहित हाम्रो लक्ष्य र दीर्घकालीन सोच हासिल गर्न प्रतिबद्धता रहने ।

**स्थलगत कार्य**

व्यक्तिहरूको थातथलोमै पुगेर उनीहरूसँग मिलेर कार्य गर्ने ।

**रणनीति**

बृहत् तथा दीर्घकालीन दृष्टिकोणसहित रणनीतिक रूपमा सोचविचार गरी कार्य गर्ने ।

**सहसिर्जना**

विभिन्न ज्ञान र स्रोतसाधनलाई एकत्रित गर्ने ।

**नवीनता**

अभूतपूर्व प्रभावका लागि नवीन कार्यपद्धति अपनाउने ।

LEADING THE WORLD WITH TRUST

जाइकाले आफ्ना साझेदारहरूसँग मिलेर विश्वभर विकासका कार्यमार्फत मानव समाजले सुखद भविष्यको आशासहित विविध अवसरहरूको खोजी गर्नसक्ने स्वतन्त्र, शान्त र समृद्ध विश्व स्थापित गर्ने आकाङ्क्षा राख्दछ ।

# नेपालमा जाइकाको सहयोगको इतिहास

## सन् २०२१
सन्तुलित तथा दिगो आर्थिक वृद्धि र जलवायु परिवर्तन प्रतिकार्यका उपायहरूको विकासका लागि सहायताको शुरूवात

## सन् २०१५
भूकम्पपछिको पुनर्निर्माण तथा पुनर्लाभ र विपद् जोखिम न्यूनीकरणमा सहयोग

## सन् २००६
नेपालको नयाँ शासन प्रणाली अन्तर्गत लोकतान्त्रिकरण /सुशासन र शान्ति स्थापनामा सहयोग

## सन् १९९०
सडक/यातायात र ऊर्जाजस्ता सार्वजनिक पूर्वाधारका क्षेत्रमा सहयोग

## सन् १९८०
मुख्य गरी कृषि तथा जनस्वास्थ्यजस्ता आधारभूत क्षेत्रहरूमा सहयोग

## सन् १९७१
प्राविधिक सहयोगको शुरूवात

## सन् १९७०
अनुदान सहायता र स्वयंसेवक पठाउने कार्य शुरू

## सन् १९६९
ऋण सहायताबाट जापानी सहयोगको शुरूवात

# औपचारिक विकास सहायता (ODA) र जाइका

जाइकाले जापानी औपचारिक विकास सहायताको कार्यकारी निकायको रूपमा सहयोगको सबैभन्दा उपयुक्त विधिको प्रयोग गरी विकासशील मुलुकहरूलाई सहयोग गर्दछ । जाइकाले औपचारिक विकास सहायताअन्तर्गतका प्राविधिक, ऋण र अनुदान सहयोगहरूलाई एकीकृत रूपमा परिचालन तथा व्यवस्थापन गर्ने जिम्मेवारी लिएको छ । विश्वको सबैभन्दा ठूलो द्विपक्षीय सहायता निकाय रहेको जाइका विश्वभर १५० भन्दा बढी मुलुकमा कार्यरत रहेको छ र जापानबाहिर यसका ९६ वटा कार्यालयहरू छन् ।

## जापानको औपचारिक विकास सहायता (ओडीए)

**जाइका**

**बहुपक्षीय सहायता**

### प्राविधिक सहयोग

यसमार्फत विकासशील देशहरूमा जनशक्तिको विकास तथा प्रशासनिक प्रणालीहरूको निर्माणमा सहयोग गरिन्छ । विज्ञहरूको टोली पठाउने, आवश्यक उपकरणहरू उपलब्ध गराउने र विकासशील मुलुकहरूका सरकारी अधिकारीहरूलाई जापान तथा अन्य मुलुकहरूमा प्रशिक्षण प्रदान गर्नेलगायतका कार्य प्राविधिक सहयोगमा पर्दछन् । यस्ता सहकार्यका योजनाहरु विषयगत र बृहत् गरी दुवै प्रकारका समस्याहरूको सम्बोधन गर्न तर्जुमा गर्न सकिन्छ ।

### ऋण सहयोग

यो विकास परियोजनामा लगानी गर्न उपलब्ध हुने गरी कम ब्याजदरमा, दीर्घकालीन तथा सहुलियतपूर्ण आर्थिक स्रोत उपलब्ध गराउने सहयोग हो । यस्ता ऋण सहयोगहरू पर्याप्त बजेट चाहिने ठूला स्तरका पूर्वाधार र अन्य स्वरूपका विकास कार्यमा प्रयोग गरिन्छ ।

### अनुदान सहयोग

यो निर्माण कार्यमा सहयोग गर्नका लागि दिइने वित्तीय सहायता वा आर्थिक तथा सामाजिक विकासका लागि आवश्यक पर्ने उपकरण तथा सामग्री खरिद गर्नेजस्ता सेवाका लागि गरिने आर्थिक सहयोग हो । यस्तो रकममा फिर्ता गर्नुपर्ने दायित्व हुँदैन । यस्तो सहयोगहरु मुख्य गरी न्यून आयस्तर भएका विकासशील मुलुकहरूप्रति लक्षित हुन्छन् । यसमा परराष्ट्र मामिला मन्त्रालयले सोभै कार्यान्वयन गर्ने अनुदान सहायता समावेश हुँदैन ।

### आपत्कालीन राहत

जापानबाहेक अन्य मुलुकहरूमा विपद्का ठूला घटना घटेमा प्रभावित मुलुकका सरकारको अनुरोधअनुसार जाइकाले जापान विपद् राहत टोलीहरू पठाउँछ । यी टोलीहरू तत्कालका खोज तथा उद्धारका कार्यहरूमा सहभागी हुन्छन् र साथै पीडितहरूलाई चिकित्सकीय सहयोग पनि प्रदान गर्छन् ।

### नागरिक सहभागिता

**स्वयंसेवक कार्यक्रम**

सन् १९६५ मा शुरु गरिएको जापानी स्वयंसेवक (JOCV) कार्यक्रम स्थानीयस्तरमा पुगेर गरिने सहयोग हो र सामाजिक आर्थिक विकासका लागि प्रभावकारी कार्यक्रम योजना हो ।

**जाइका साझेदारी कार्यक्रम (जेपीपी)**

सन् २००२ मा शुरु गरिएको जाइका साझेदारी कार्यक्रमले जापानका साझेदारहरूले (जस्तै जापानी गैरसरकारी संस्था, जापानी विश्वविद्यालय, जापानी स्थानीय सरकार र सार्वजनिक निकायहरूले) तर्जुमा गरेका परियोजनाहरूको सहकार्य तथा कार्यान्वयनमा सहयोग गर्दछ ।

### सार्वजनिक निजी साझेदारी

सार्वजनिक निजी साझेदारीको प्रवर्द्धनले विकासशील मुलुकका व्यवसायिक वातावरण सुधार गर्ने, पूर्वाधार विकास तथा सार्वजनिक सेवाहरूको सुधार गर्ने लक्ष्य राख्दछ । सहकार्यको समयमा सरकार र निजी क्षेत्र दुवैले जिम्मेवारी लिन्छन् ।

# नेपालका लागि सहायता परिचालन योजना




## जापानी औपचारिक विकास सहायता (ODA) का लागि सहकार्यका तीन आधारस्तम्भहरू

# यातायात पूर्वाधार तथा अन्तरआबद्धता

- यातायात योजना तर्जुमा सल्लाहकार
- सिन्धुली–बर्दिबास सडक खण्डको सञ्चालन तथा मर्मतसम्भार आयोजना दोस्रो चरण
- नागढुङ्गा सुरुङ्गमार्ग निर्माण आयोजना
- काठमाडौं उपत्यकामा चोक/चौबाटो सुधार कार्यक्रम पूर्वतयारी सर्वेक्षण
- काठमाडौं उपत्यकामा शहरी यातायात व्यवस्थापन सुधार कार्यक्रम
- हवाइ सुरक्षा उपकरण तथा सञ्चालनसम्बन्धी क्षमता विकास कार्यक्रम
- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा हवाई पथप्रदर्शन सेवा सुधार तथा उडान व्यवस्थापन क्षमता अभिवृद्धिका लागि प्राविधिक सहयोग कार्यक्रम
- नेपालका प्रमुख विमानस्थलहरुमा हवाई सुरक्षा संरचना सुधार अयोजना



# सडक यातायातको विकास




Photo: EHARA Yoshiki/JICA Nepal

*निर्माणाधीन नागढुङ्गा सुरूङ्मार्ग*

## पृष्ठभूमि

नेपालको भौगोलिक अवस्था विविधतायुक्त छ । उत्तरमा उच्च हिमालय क्षेत्रदेखि दक्षिणमा तराईको समतल भूभागसम्म रहेको नेपाल समुद्र सतहबाट हेर्दा ३०० मिटरदेखि ८००० मिटरभन्दा माथि सम्मको उचाइमा रहेको पाइन्छ । नेपालको ग्रामीण क्षेत्रसँगको सडक सञ्जालको अन्तरआबद्धता (Connectivity) र शहरी क्षेत्रको ट्राफिक जाम ठूलो चुनौतीका रूपमा रहेको छ । तसर्थ, सर्वसाधारण र मालसामानहरूको ढुवानी तथा यात्री आवागमनलाई सहज बनाउन यातायात पूर्वाधारको सुधार र विकास गर्नु आवश्यक छ ।

नेपालको सामाजिक र आर्थिक विकासमा यातायात क्षेत्रले महत्वपूर्ण भूमिका खेलेको छ । नेपालको यातायात पूर्वाधार मुख्यतया सडकमार्ग र नागरिक उड्डयन हुन् । सडकमार्गबाट धेरै आवागमन हुने गर्दछ, अर्थात् लगभग ९०% यात्रुहरूको आवागमन र मालसामान ढुवानी सडकमार्गबाट नै हुने गर्दछ । तसर्थ, सडक यातायात नेपालको यातायात पूर्वाधारको सबैभन्दा प्रमुख माध्यम हो ।

काठमाडौं उपत्यका भौगोलिक विशेषताका कारण इन्धन र दैनिक उपभोग्य वस्तुका लागि काठमाडौं मेची–महाकाली राजमार्गप्रति पूर्ण रूपमा निर्भर रहेको छ । काठमाडौं उपत्यकाको आर्थिक सामाजिक गतिविधिको आधार यिनै राजमार्ग हुन् तर छिटोछरितो यात्राका लागि उपयुक्त सडक नहुनु, भएका सडक सञ्जालको संरचना पनि साँघुरो हुनु र सडकहरूको मर्मतसम्भार कमजोर हुनुजस्ता परिस्थितिले बारम्बार ट्राफिक जाम हुने र अवरोधहरू आउने गर्दछन् ।

यातायात क्षेत्र विकासको मूलभूत उद्देश्य क्षेत्रीय अस्तित्वलाई सुदृढ बनाउँदै जनसर्वसाधारणको स्वास्थ्य सेवा, बजार र शिक्षा जस्ता आधारभूत सुविधाहरूमा पहुँच अभिवृद्धि र सामाजिक आर्थिक असन्तुलन न्यूनीकरण गर्दै नेपालको आर्थिक वृद्धि र विकासमा योगदान पुऱ्याउने रहेको छ । भविष्यका लागि नेपाल सरकारले रेलमार्ग र रोपवेजस्ता यातायातका अन्य माध्यमको पनि प्रवर्द्धन गर्ने महत्वाकांक्षा लिएको छ ।

महत्वपूर्ण राजनीतिक, आर्थिक र सामाजिक केन्द्रका रूपमा रहेको काठमाडौं उपत्यकाले नेपालको कुल जनसङ्ख्याको ९.३ प्रतिशत हिस्सा ओगटेको छ र यो सङ्ख्या हरेक वर्ष बढ्दै गएको देखिन्छ । त्यसैले पनि काठमाडौं उपत्यकामा सुव्यवस्थित (चुस्त) तथा दिगो यातायात पूर्वाधारको आवश्यकता छ ।

## जाइकाको सहयोग

जाइकाले विकास अध्ययन, अनुदान सहायता र प्राविधिक सहयोगमार्फत नेपालको यातायात क्षेत्रमा सहयोग गर्दै आएको छ ।

सन् १९९३ मा जाइकाले गुरुयोजना अध्ययन गरी काठमाडौं उपत्यका शहरी सडक विकासको अध्ययन प्रतिवेदन तयार गरेको थियो । प्रतिवेदनमा भएका सिफारिसहरू बमोजिम विभिन्न परियोजनाहरू कार्यान्वयनमा भएका छन् र यी परियोजनाहरूका कारण काठमाडौं उपत्यकाको ट्राफिक व्यवस्थापनमा टेवा पुगेको छ । जाइकाले सन् २०१७ मा यातायात गुरुयोजनाको अध्ययन र सन् २०१९ मा तथ्याङ्क सङ्कलन सर्वेक्षणका लागि पनि सहयोग गरेको थियो । यी अध्ययनहरूले काठमाडौं उपत्यकाको शहरी यातायात सुधारका लागि अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजनाहरू सिफारिस गरेका छन् ।

जाइकाले यातायात क्षेत्रको विकासका सम्बन्धमा धेरै गतिविधिहरू शुरु गरेको छ । जाइकाले काठमाडौं उपत्यकाका लागि यातायात गुरुयोजना तर्जुमा गर्नेदेखि पुल, सडक, राजमार्ग (सिन्धुली–बर्दिबास सडक खण्ड), बसपार्कको निर्माण, चौबाटोहरूको सुधार तथा ट्राफिक सङ्केत प्रणालीको शुरुवात, कम इन्धन खपत गर्ने बस सञ्चालनलगायतका यातायात पूर्वाधारहरूको क्षेत्रमा काम गरेको छ । जाइकाले सडक तथा पुल निर्माण, सडक सुरक्षा,

विपद् व्यवस्थापन र पहाडी सडकको भिरालो जमिन संरक्षणजस्ता क्षेत्रमा प्रविधि हस्तान्तरणका साथै जापान र नेपालका सरकारी इन्जिनियर तथा अधिकारीहरूको प्रशिक्षणमा पनि महत्वपूर्ण भूमिका खेलेको छ ।

हाल जाइकाले नागढुङ्गा सुरूङ्गमार्ग निर्माण आयोजना (Nagdhunga Tunnel Construction Project) अन्तर्गत सुरूङ्गमार्गको निर्माण गरिरहेको छ । यो परियोजना नेपालको यातायात क्षेत्रमा ऋण सहयोगमार्फत सञ्चालित पहिलो परियोजना हो । यो काठमाडौंलाई नेपालका अन्य प्रमुख शहर र भारतीय सीमासँग जोड्ने ट्रङ्क सडकमा रहेको नागढुङ्गा भन्ज्याङमुनि सुरूङ्ग निर्माण गर्न १६ अर्ब ६३६ करोड जापानी येन ऋण सहयागेप्राप्त परियोजना हो । यो परियोजना यातायात सञ्जाललाई थप चुस्त बनाउने उद्देश्यले शुरु गरिएको हो । उक्त ऋण रकम सुरूङ्गमार्ग, पहुँच सडक (access roads), पुल र अन्य निर्माण तथा स्तरोन्नतिसम्बन्धी सरकारी कार्य एवम् परामर्श सेवा (विस्तृत तर्जुमा कार्य, बोलपत्र सहयोग, निर्माण सुपरिवेक्षण, सञ्चालन तथा व्यवस्थापन क्षमता सुदृढीकरणसमेत) जस्ता क्षेत्रमा विनियोजन गरिनेछ ।

यो परियोजनाले नेपालमा पहिलो सुरूङ्गमार्ग निर्माण गर्नेछ । दुई लेनसहितको यो सुरूङ्गमार्ग २ दशमलव ६८ किलोमिटर लामो हुनेछ र नागढुङ्गा भन्ज्याङमुनि भएर जानेछ । यो परियोजनाले नागढुङ्गा नाकाबाट सवारी साधनको आवतजावतमा लाग्ने समयलाई अहिलेकोभन्दा एक तिहाइले कम गर्ने अपेक्षा गरिएको छ (अहिले सामान्यतया पूर्वतर्फ जाँदा ३० मिनेट र पश्चिमतर्फ जाँदा २० मिनेट समय लाग्ने गरेको छ) । सुरूङ्गमार्ग तयार भएपछि यसले यात्री र सामानको ढुवानीलाई चुस्त बनाउँदै स्थानीय सामाजिक आर्थिक विकासमा योगदान पुऱ्याउनेछ ।



*नागढुङ्गामा निर्माणाधीन सुरूङ्गमार्ग*

## भावी कार्यदिशा

नेपालको आर्थिक वृद्धि र गरिबी न्यूनीकरण जाइकाको सहकार्यको एउटा महत्वपूर्ण क्षेत्र हो । यातायात पूर्वाधार र अन्तरआबद्धता (Connectivity) विकासको एक मुख्य विषय हो । यस कार्यक्रमले शहरी यातायातको सुधार र राष्ट्रिय यातायात (शहरहरू जोड्ने सडक यातायात) सुधारमा सहजीकरण गर्ने लक्ष्य राखेको छ । जाइकाले काठमाडौं महानगर क्षेत्रको यातायात सुधारलाई प्राथमिकतामा राखी काम गर्नेछ । साथै, राजमार्गहरूको सञ्जाल विकास गर्ने लक्ष्य पनि राखेको छ जसले नेपालका प्रमुख शहरहरू र छिमेकी देशबीचको सम्पर्कलाई सुदृढ बनाउन योगदान दिनेछ । शुरूवातको चरणमा रहेका केही सम्भावित सहयोगहरूमा काठमाडौं उपत्यकाको चौबाटोहरूको सुधार (grade separated intersection), शहरी यातायात प्रणालीहरूको अध्ययन (जस्तै रेलमार्ग) र प्रमुख राजमार्गहरूमा सडकको भीर/पहिरो नियन्त्रण तथा संरक्षणमा प्राविधिक सहयोग हुन सक्नेछन् ।

# नागरिक उड्डयनको विकास



Photo: NAKAMURA Toshitaka/JICA

*भट्टेडाँडामा रहेको राडार*

## पृष्ठभूमि

नागरिक उड्डयन पूर्वाधारको सुदृढीकरण नेपालको सबैभन्दा ठूलो चुनौती रहँदै आएको छ। व्यवस्थापन (logistics) र पर्यटनको दृष्टिले नागरिक उड्डयन क्षेत्र महत्वपूर्ण यातायातका साधन हो। तर, नेपालका विमानस्थलहरूमा हवाई पथप्रदर्शन तथा निगरानी/सर्भेलेन्स प्रणाली, उपकरण, विमानस्थलको संरचना तथा सुविधा, क्षमता पर्याप्त रहेको देखिँदैन।

नेपाल सरकारले नेपालमा नयाँ अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गरेको छ। नागरिक उड्डयन प्राधिकरण नेपालले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा दृश्यात्मकता (Visibility) कमजोर हुँदा विमान अवतरण गर्न, डाइभर्सन घटाउन र ट्राफिक व्यवस्थापन क्षमता बढाउन सहयोग पुग्ने उपयुक्त precision approach प्रणालीको परिकल्पना गरेको छ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको संरचना तथा सुविधाहरू अन्तर्राष्ट्रिय मापदण्डभन्दा तल रहेकाले तत्काल स्तरोन्नतिको आवश्यकता छ । अधिकांश आन्तरिक विमानस्थलहरूमा पर्याप्त लम्बाइ भएको धावनमार्ग, प्रकाश व्यवस्था (Lighting system), पक्की धावनमार्ग, नेभिगेसन र सर्भेलेन्सजस्ता आधारभूत संरचना तथा सुविधाहरूको कमी छ ।

## जाइकाको सहयोग

उड्डयन क्षेत्रसँग सम्बन्धित समस्याहरूलाई सम्बोधन गर्न जाइकाले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सुरक्षित र भरपर्दो ट्राफिक नियन्त्रण सेवाहरूको सुनिश्चिततालाई सधैं प्राथमिकतामा राख्दै आएको छ । नेपालको नागरिक उड्डयन प्रणाली र संरचनाहरूको विकास र सुधार गर्न जाइकाले लामो समयदेखि सहयोग गर्दै आएको छ । नेपाल सरकारले राष्ट्रिय विकास रणनीतिको ढाँचाभित्र रहेर नागरिक उड्डयन प्रणालीको विकास र विस्तार गरी पर्यटन र आन्तरिक अर्थतन्त्रको विकास गर्ने उद्देश्य राखेको छ ।

यिनै परिस्थितिलाई मध्यनजर गर्दै जापानले विगत २०-२५ वर्षदेखि नेपालमा धेरै अनुदान सहयोगमा सञ्चालित र प्राविधिक सहयोगका परियोजनाहरू कार्यान्वयन गर्दै आएको छ । यसमा अनुदान सहयोगमार्फत सञ्चार, पथप्रदर्शन र सर्भेलेन्स/निगरानी संरचनाहरू स्थापना गरी त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आधुनिकीकरण गर्ने र सम्बन्धित क्षेत्रमा प्राविधिक सहयोग प्रदान गरी संरचनात्मक सुविधाहरू सुदृढीकरण कार्यहरू रहेको थिए । जाइकाले सन् १९९० को दशकमा राडार प्रणाली ल्याएको थियो, त्यसपछि भट्टेडाँडा र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा मोनोपल्स सेकेन्डरी सर्भेलेन्स राडार (MSSR) प्रणाली स्थापना गरेर यसको स्तरोन्नति गरेको थियो । जाइकाले नागरिक उड्डयने सुरक्षामा सुधार ल्याउने मात्रै नभई पार्टपुर्जा व्यवस्थापन केन्द्र र इन-रूट राडार नियन्त्रण सेवाहरू स्थापना गरी हवाई ट्राफिक नियन्त्रण सेवाहरूको सुरक्षा र विश्वसनीयताको स्तरोन्नति पनि गरेको थियो । त्यसैगरी, प्राविधिक सहयोग परियोजनाहरूले हवाई सुरक्षा






*त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा निगरानी/सर्भेलेन्स एन्टेना जडान गरिएको । यो जाइकाबाट सञ्चालित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आधुनिकीकरण परियोजनाअन्तर्गत जडान गरिएको हो । यस सर्भेलेन्स प्रणालीका सबै उपकरणहरू जाइकाको अनुदान सहयोगमार्फत उपलब्ध गराइएको हो ।*

उपकरणको सञ्चालन र मर्मतसम्भारमा पनि सहयोग गरेको थिए ।

सन् २०१३ देखि २०१८ सम्ममा कार्यान्यवय नगरिएको नेपाल नागरिक उड्डयन प्राधिकरणसँगको प्राविधिक सहकार्य परियोजना (Technical Cooperation Project) ले नागरिक उड्डयनको सुरक्षा सुधार गर्ने लक्ष्य लिएको थियो । यस परियोजनाको उद्देश्य हवाई ट्राफिक नियन्त्रणसम्बन्धी सेवाहरूको सुरक्षा र विश्वसनीयता वृद्धि गर्ने थियो । यस परियोजनाले दुईवटा प्रतिफल (आउटपुट) हासिल गरेको छ (१) पार्टपुर्जा व्यवस्थापन प्रणाली स्थापना भएको छ, र (२) इन-रूट राडार नियन्त्रण सेवाहरूको व्यवस्था गरिएको छ । यस परियोजनाअन्तर्गत सञ्चालन, पथप्रदर्शन र निरीक्षण (CNS), मर्मतसम्भार, पार्टपुर्जा व्यवस्थापन र इन-रूट राडार नियन्त्रणसम्बन्धी तीन सदस्यीय जापानी विज्ञहरूको टोली नागरिक उड्डयन प्राधिकरणमा खटाइएको थियो ।

त्यसै गरी, जाइकाले नेपालका प्रमुख विमानस्थलहरूमा उड्डयन सुरक्षा संरचनाको सुधार गर्नमा पनि सहयोग गरेको छ । यसअन्तर्गत जाइकाले नेपालका आठवटा प्रमुख विमानस्थलमा हवाई सुरक्षासम्बन्धी संरचना र अन्य उपकरणहरु उपलब्ध गराएको छ । यी विमानस्थलहरूमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, दुईवटा प्रमुख आन्तरिक विमानस्थलहरू (चन्द्रगढी र धनगढी) र पहाडी क्षेत्रका अन्य पाँच प्रमुख विमानस्थलहरू (लुक्ला, जोमसोम, जुम्ला, सिमिकोट र रारा) रहेका छन् । यसले गर्दा यी विमानस्थलहरूमा विमान मार्गनिर्देशन र अवतरण सुरक्षामा सुधार आएको छ ।

## भावी कार्यदिशा

नेपालको जनसङ्ख्या आवागमनका लागि सडक यातायातमा बढी निर्भर रहेको छ । नेपालको करीब ८०% भूभाग पहाडी क्षेत्रले ओगटेको हुनाले नागरिक उड्डयन पनि आन्तरिक आवागमन र मालसामान ओसार पसार गर्ने एउटा महत्वपूर्ण माध्यम हो । नेपालको भौगोलिक विशेषताहरूले यहाँका रूटहरूमा जहाज नेभिगेट/सञ्चालन गर्न कठिन हुने गरेको छ भने अर्कोतिर हवाई सुरक्षा संरचना तथा सुविधाहरू पर्याप्त छैनन् । त्यसैले हवाई यातायातको सञ्चालन तथा व्यवस्थापनमा सुरक्षाको सुनिश्चितता आवश्यक रहेको छ ।

नेपाल र बाँकी विश्वबीच हवाई सम्बन्धका लागि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल मुख्य केन्द्र हो । यातायात पूर्वाधार र अन्तरआबद्धता जाइकाको सहयोगको प्राथमिक क्षेत्र हो । त्यसैले जाइकाले यातायात पूर्वाधार र अन्तरआबद्धता कार्यक्रममा जोड दिएको छ । नेपालमा सामाजिक र आर्थिक पूर्वाधारको विकास यहाँको आर्थिक वृद्धि र जनताको जीवनस्तर सुधारसँग प्रत्यक्ष रूपमा जोडिएकाले जाइकाले उड्डयन सुरक्षा प्रणालीको सुधार र सञ्चालन प्रविधिको हस्तान्तरणमार्फत हवाई सुरक्षाको सुधारमा सहयोग गर्दछ ।

जाइका त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको हवाई नेभिगेसन सेवाहरू सुधार गर्न प्रयत्नशील रहेको छ र विभिन्न सहयोग योजनाहरूमार्फत अर्थपूर्ण सहकार्य गर्ने अपेक्षा गर्दछ ।



## विद्युत्  तथा ऊर्जा

- जलविद्युत्  योजना सल्लाहकार
- एकीकृत विद्युत् प्रणाली विकास योजना
- शहरी क्षेत्रको प्रसारण तथा वितरण प्रणाली सुधार आयोजना
- तनहुँ जलविद्युत् आयोजना





# जलविद्युत् उत्पादन, प्रसारण तथा वितरण क्षमतामा सुधार

## पृष्ठभूमि

जलविद्युत् क्षेत्रलाई नेपालको आर्थिक विकासको मेरूदण्डको रूपमा लिइन्छ । नेपालको विद्युत् क्षेत्र मुख्यतया जलविद्युत्मा आधारित छ । हालसम्म जलविद्युत् उत्पादन क्षमता २,१९० मेगावाट पुगेको छ । नेपालमा जलस्रोतको प्रचुर उपलब्धता र देशको आर्थिक तथा सामाजिक विकासमा यसले अहम् भूमिका खेल्ने भए पनि आजसम्म यसको उपयोग अत्यन्त न्यून रहेको छ । जनसङ्ख्या र अन्य औद्योगिक गतिविधिहरूको वृद्धिसँगै देशभित्र हुने ऊर्जाको माग वार्षिक १० प्रतिशतको दरले बढिरहेको छ ।

बिजुलीको माग (विशेषगरी सुख्खायाममा) पूर्ति गर्न नेपालले छिमेकी मुलुक भारतबाट विद्युत् आयात गरिरहेको छ । अर्कोतर्फ नेपाल अब वर्षायाममा बिजुली भारत निर्यात गर्नसक्ने भएको छ ।

## जाइकाको सहयोग

स्थिर तथा नियमित बिजुली आपूर्तिलाई साकार बनाउन योजना तर्जुमा तथा परियोजना कार्यान्वयन प्रवर्द्धनका लागि जाइकाले नीति निर्माण र योजना तर्जुमा, एकीकृत विद्युत् प्रणाली विकास योजना, परियोजना निर्माणमा गुणस्तर नियन्त्रण, आदिमा सहयोग गर्दै आएको छ । त्यसै गरी, जाइकाले ऋण सहयोग र अन्य माध्यमबाट जलाशययुक्त जलविद्युत् उत्पादनको विकास, आपूर्ति तथा मागबीच सन्तुलन कायम गर्न विद्युत् वितरणको सुधार तथा विस्तार र शहरी तथा दुर्गम क्षेत्रमा विद्युत् वितरण सञ्जालको विकासमा सहयोग गरिरहेको छ ।

जाइकाले यस क्षेत्रमा लामो समयदेखि सहयोग गर्दै आएको छ । जाइकाले सम्भाव्य आयोजनाहरूमा नेपाल सरकारलाई सहयोग प्रदान गर्न देशभरि धेरै गुरुयोजना तयार गरेको छ । सन् २०२० मा जाइकाले ऊर्जा क्षेत्रमा भर्टिकल सेपेरेसन सार्वजनिक-निजी साझेदारी मोडेलको अवधारणा [(Vertical Separation Public-Private Partnership Model (VSPPP)] मा काम गरेको थियो र नेपाल सरकारले यसको महत्व बोध गरी बजेटमा यसलाई समावेश गर्दै आएको छ । त्यसै गरी जाइकाले दक्षिण एसियाली क्षेत्रमा विद्युत् आयात तथा निर्यातको सम्भावना खोजी गर्न बाङ्लादेश-भुटान-भारत-नेपाल (BBIN) क्षेत्रमा पनि अध्ययन गरिरहेको छ ।

सन् १९८० र १९९० को दशकमा क्रमशः निर्माण भएका कुलेखानी (१ र २) र कालीगण्डकी 'ए' जलविद्युत् आयोजनाहरू नेपालको ऊर्जा क्षेत्रको मेरुदण्ड मानिन्छन् । १४० मेगावाटको तनहुँ जलविद्युत् आयोजना निर्माणाधीन छ । यसले विद्युत् प्रणालीमा सन्तुलन ल्याउन र जैविक इन्धन (fossil fuel) प्रतिको निर्भरता घटाउन सहयोग गर्दै सन् २०४५ सम्ममा खुद शून्य (net-zero) उत्सर्जनमा पुग्ने राष्ट्रिय सङ्कल्पमा योगदान पुऱ्याउने छ । यसबाहेक, विद्यमान प्रसारण र वितरण प्रणालीमा स्तरोन्नति गर्नु पनि उत्तिकै महत्वपूर्ण रहेको छ । यस विषयलाई आत्मसात् गर्दै जाइकाले हाल प्रसारण तथा वितरण क्षेत्रमा लगानी गर्ने नयाँ ऋण सहयोग प्रदान गरेको छ । यस परियोजनाको उद्देश्य विद्युत् प्रणालीको स्तरोन्नति गरी प्रसारण तथा वितरणका क्रममा हुने विद्युत् चुहावटमा नियन्त्रण गर्दै काठमाडौं र पोखरा उपत्यकामा विद्युत्को आपूर्ति विश्वसनीय बनाउनु हो ।

राष्ट्रिय सुरक्षा र आर्थिक रूपान्तरणको दृष्टिकोणबाट नेपालमा भरपर्दो र सस्तो ऊर्जाका स्रोतको विकास आवश्यक रहेको छ । साथै, हालको विद्युत् आपूर्तिको अवस्थामा सुधार ल्याउन र मौसमी बिजुलीको माग तथा आपूर्ति क्षमताबीचको असन्तुलन कम गर्न जलाशययुक्त जलविद्युत् आयोजनाहरूको विकास, प्रसारण तथा वितरण प्रणालीमा आधुनिकीकरण र गुणस्तरीय पूर्वाधारको विकास गर्नु आजको आवश्यकता हो ।



*निर्माणाधीन तनहुँ जलविद्युत् आयोजना*

# कृषि क्षेत्र

- तराई क्षेत्रमा सिञ्चित कृषि प्रवर्द्धन परियोजना
- बीउ उत्पादन, आपूर्ति तथा गुण नियन्त्रण प्रणाली सुदृढीकरण परियोजना
- पूर्वी तराई क्षेत्रमा सिँचाइ प्रणाली पुनर्स्थापना परियोजना
- कृषि तथा पशुपक्षी विकास क्षेत्रको जनशक्ति विकासका लागि प्रशिक्षण कार्यक्रम
- खाद्य सुरक्षाका लागि कृषि अध्ययन सञ्जाल
- नेपालमा उच्च गुणस्तरीय मित्सुमाता (अर्गेली) उत्पादनको वितरण मोडेल स्थापना
- नेपालमा खाना पकाउने तेलको गुण सुधारका लागि नयाँ प्रविधिको शुरुवात
- वातावरणअनुकूल एकीकृत दिगो कृषि विकास परियोजना
- नुवाकोट जिल्लामा राष्ट्रिय विद्यालय खाजा कार्यक्रम (विश्व खाद्य कार्यक्रममार्फत)



# कृषि तथा ग्रामीण विकास




*काभ्रेपलान्चोकका सिन्धुली सडक सुधार व्यावसायिक कृषि प्रवर्द्धन परियोजनामा सहभागी कृषकहरू*

## पृष्ठभूमि

नेपालमा कुल गार्हस्थ्य उत्पादनको ठूलो हिस्सा कृषि क्षेत्रमा निर्भर छ । कृषि क्षेत्रले आर्थिक रूपमा सक्रिय जनसङ्ख्याको ६६% भन्दा बढीलाई रोजगारी प्रदान गर्दछ । नेपालमा यस क्षेत्रको कुल गार्हस्थ उत्पादनमा २७% योगदान रहेको छ भने कृषि क्षेत्रले मुलुकको कुल वैदेशिक व्यापारको करीब १३% हिस्सा ओगटेको छ । सन् १९५६ मा जापान र नेपालबीच कूटनीतिक सम्बन्ध स्थापना हुनुभन्दा अघिदेखि नै कृषि क्षेत्रमा जापानी सहयोग स्थानीयस्तरमा शुरु भइसकेको थियो । कृषि र ग्रामीण विकास कार्यक्रमको उद्देश्य खाद्यान्नको नियमित उत्पादन तथा आपूर्ति, क्षेत्रीय कृषि प्रवर्द्धन संयन्त्रलाई संस्थागत गर्नु, कृषक समूहको विकास र उपजहरूको व्यवसायीकरणमार्फत जीविकोपार्जनमा सुधार ल्याउनु हो ।

नेपालको कुल जनसङ्ख्याको ६० प्रतिशतभन्दा बढी कृषिमा आबद्ध भए तापनि पहाडी र भिरालो भूगोल, आधारभूत कृषि पूर्वाधार (सिँचाइ र कृषि सडक आदि) अपर्याप्त विकास, कृषि उत्पादन र जलस्रोत व्यवस्थापनका लागि अपर्याप्त प्राविधिक सहयोगजस्ता कारणले समग्र उत्पादकत्व न्यून रहेको छ । फलस्वरूप, कृषकहरूको आम्दानी धेरै कम हुँदा ग्रामीण क्षेत्रको गरिबीले निरन्तरता पाएको छ । यससँगै रोजगारीका लागि शहर तथा विदेश जाने व्यक्तिहरूको बढ्दो सङ्ख्याले ग्रामीण क्षेत्रको स्थिति झनै खस्कँदो छ । मुख्यतया मध्यपश्चिम र सुदूरपश्चिमी अर्धपहाडी क्षेत्रहरूमा खाद्यान्नको दीर्घकालीन अभाव अझै टड्कारो रहेको छ । तसर्थ, कृषि उत्पादकत्वमा सुधार गरी आयआर्जन वृद्धिमार्फत गरिबी न्यूनीकरण गर्नु प्रमुख सवाल बन्न पुगेको छ ।

## जाइकाको सहयोग

जाइकाको सहयोग सन् १९७१ मा जनकपुर कृषि विकास कार्यक्रम [Janakpur Agriculture Development Project (JADP)] बाट शुरु भएको थियो । यस परियोजनाको लक्ष्य उपयुक्त खेती प्रविधिसँगै उन्नत जातका अन्नबालीको वितरण गरी जनताको जीवनस्तरमा सुधार ल्याउनु रहेको थियो । यस उद्देश्य प्राप्तिका लागि एक दशक लामो बृहत् सहयोग गरिएको थियो । यसमा ट्युबवेल स्थापना, सिँचाइ नहर र पहुँच सडकको निर्माणका साथै कृषिमा यान्त्रिकीकरण र भूमि चक्लाबन्दी कार्यलाई प्रवर्द्धन गर्नेलगायतका गतिविधि समावेश थिए ।

सन् १९८४ मा जनकपुर कृषि विकास कार्यक्रम समापन भएपछि जाइकाले उच्च मोल भएका बालीको बढ्दो माग पूरा गर्न बागवानी क्षेत्रमा सहयोग विस्तार गरेको थियो । नेपालमा हलुवावेद र नासपातीजस्ता जापानी फलफूलको खेती शुरु गरिएको थियो भने नेपाली जुनार खेती विस्तार गर्न जाइकाको साङ्केतिक सहयोग पनि यस अवधिमा लागू भएको थियो ।

देशको आधारभूत उद्योगको रूपमा रहेको र अधिकतर नेपाली जनताले आबद्ध रहेको कृषिलाई सहयोग गर्नाले ग्रामीण क्षेत्रको गरिबी न्यूनीकरणमा योगदान पुग्नेछ । जापानले वातावरणीय पक्ष र जलस्रोतको अवस्थालाई मध्यनजर गर्दै खाद्य उत्पादकत्व, उच्च मोल भएका र प्रशोधित कृषि उत्पादनहरूमार्फत आयआर्जनमा सहयोग गर्दछ, कृषि प्रसार सेवा/कृषक समूहहरूको सङ्गठन सुधारमा सहयोग गर्दछ । त्यसै गरी, विभिन्न परियोजनाहरूबीचको समन्वयात्मक प्रभावका लागि कार्यक्रमको पुनर्संरचना र विशेष क्षेत्रमा सहयोग गर्ने कुरालाई विचार गरिनेछ ।

जापानी स्वयंसेवकहरु Japan Overseas Cooperation Volunteers (JOCV) र Senior Volunteers (SV) को सक्रिय सहभागिताले पनि स्थानीयस्तरमा कृषिसम्बन्धी सीप विस्तारलाई प्रवर्द्धन गरेको छ । स्वयंसेवकको सहयोगका क्षेत्रलाई क्रमैसँग आधारभूत कृषि शिक्षा (ज्ञान, सीप तथा प्रविधि) गतिविधिहरूबाट विस्तार गरी एक गाउँ एक उत्पादन अभियानजस्ता सिर्जनात्मक पहलहरूलाई सहयोग गरिएको छ । यस क्षेत्रमा जाइकाको सहयोगमा जापानी गैरसरकारी संस्थाहरूले पनि सक्रिय साझेदारको भूमिका निर्वाह गर्दै आएका छन् ।

## अग्रपङ्क्तिका परियोजनाहरू

### (क) पूर्वी तराईमा सिँचाइ प्रणाली पुनर्स्थापना कार्यक्रम

जाइका नेपालले सेप्टेम्बर, २०२२ मा पूर्वी तराईमा सिँचाइ प्रणाली पुनर्स्थापना कार्यक्रमका लागि अनुदान सहयोग (Grant Aid Project on The Rehabilitation of Irrigation System in Eastern Terai Area in Nepal) सम्झौता गरेको थियो । यसअन्तर्गत जाइकाले नेपाल सरकारलाई जापानी येन २.२५६ अर्ब (लगभग २.०५ अर्ब रुपैयाँ) अनुदान उपलब्ध गराउनेछ ।

यस आयोजनाको उद्देश्य चन्द्र नहर सिँचाइ योजनामा सिँचाइ संरचनाको पुनर्स्थापना गरी उपयुक्त पानी बाँडफाँट हासिल गरी पूर्व तराई क्षेत्रको कृषि उत्पादन वृद्धिमा योगदान पुऱ्याउनु रहेको छ । परियोजनाले लक्षित क्षेत्रमा रहेका संरचनाहरूको पुनर्स्थापना गर्न र पुनर्स्थापित संरचनाहरूको व्यवस्थापन तथा सुपरिवेक्षणका लागि क्षमता विकासमार्फत सिँचाइ प्रणालीलाई दिगो बनाउन सहयोग गर्नेछ । चन्द्र नहर सिँचाइ प्रणालीले सिञ्चित गर्ने जमिन क्षेत्र ११,००० हेक्टर रहेको छ, जसले उक्त क्षेत्रमा रहेका ३५ हजार घरधुरीलाई प्रत्यक्ष फाइदा पुऱ्याउँछ ।

चन्द्र नहर सिँचाइ प्रणाली नेपालको सबैभन्दा पुरानो सिँचाइ प्रणाली हो । यो नहर तत्कालीन प्रधानमन्त्री चन्द्र शमशेर जङ्गबहादुर राणाको समयमा तराई क्षेत्रका तल्लो जमिनमा सिँचाइ गर्न हालको सप्तरी जिल्लास्थित सप्तकोशी नदीको दायाँ किनारमा ब्रिटिश इन्जिनियरहरूले सन् १९२३ देखि १९२७ सम्म डिजाइन र निर्माण गरेका थिए । राणाकालमा बनेको यस नहर ९५ वर्षभन्दा बढी समयदेखि सञ्चालनमा रहेको छ र हाल जीर्ण अवस्थामा रहेकाले राम्ररी काम गर्न नसकेको हो । यस संरचनामा खराबी आउनुको मुख्य कारण संरचना पुरानो हुनु र नियमित रूपमा



*बागवानी विकास कार्यक्रम*

सञ्चालन तथा मर्मतसम्भार नगरिनु हो । तसर्थ, यस सिँचाइ प्रणालीको यथाशक्य पुनर्स्थापना गरी यस प्रणालीको मर्मतसम्भारका लागि जल उपभोक्ता समितिहरूको क्षमता विकाससमेत गर्नु जरूरी रहेको छ । पूर्वी तराई क्षेत्रको सिँचाइ संरचना पुनर्स्थापनामा सहयोग गर्न नेपाल सरकारले जापान सरकारलाई विधिवत अनुरोध पठाएको थियो ।

नेपालको तर्फबाट यस आयोजनाको कार्यान्वयन गर्ने निकाय ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय हो । उक्त मन्त्रालयले सन् २०२३ देखि निर्माण कार्य शुरु गरी २०२८ सम्ममा सम्पन्न गर्ने योजना बनाएको छ ।

### (ख) बीउ उत्पादन, आपूर्ति तथा गुण नियन्त्रण कार्यक्रम

नेपालको सक्रिय जनशक्तिको करीब ६०% जनशक्ति कृषि क्षेत्रमा आबद्ध छन् र यस क्षेत्रले देशको कुल गार्हस्थ उत्पादनको २५% भन्दा बढी हिस्सा ओगटेको छ । धान नेपालको प्रमुख अन्नबाली हो र यसले कुल राष्ट्रिय गार्हस्थ उत्पादनमा लगभग १५% योगदान पुऱ्याउने गरेको छ । धानको विद्यमान बीउ प्रतिस्थापन दर (SRR) को तथ्याङ्क करीब २०% रहेको छ । यस आँकडाले राष्ट्रिय बीज भिजन, २०१३–३५ अनुसार धानको बीउ प्रतिस्थापन दरलाई २५% पुऱ्याउने परिकल्पनाअनुसार बीउ प्रतिस्थापन दरलाई सुधार गर्नुपर्ने आवश्यकतामा प्रकाश पार्दछ । उन्नत बीउको प्रयोगले बालीको उत्पादन १५-२० प्रतिशतले वृद्धि गर्ने भएकाले धानबालीको उत्पादकत्व बढाउन उन्नत बीउमा कृषकको पहुँच बढाउनु अहिलेको माग हो ।

नेपालमा धानको बीउ प्रतिस्थापन दर अहिले २० प्रतिशतको हाराहारीमा रहेकोले नेपाल सरकारले यसलाई बढाएर २५ प्रतिशतमा पुऱ्याउने रणनीति लिएको छ । गुणस्तरीय उन्नत बीउको प्रयोगले उत्पादनमा १५ प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ । कृषकहरूले गुणस्तरीय उन्नत बीउ प्रयोग गर्नुअघि धेरै प्रक्रियाहरू पूरा गर्नुपर्ने भएकाले नेपालमा गुणस्तरीय बीउ उत्पादन गर्ने प्रणाली र क्षमतामा सुधार आवश्यक छ । यस सन्दर्भमा, बीउ उत्पादन सुधारमा समग्र सहयोगका लागि जाइकालाई अनुरोध गरिएको थियो ।

जाइकाले आफ्नो प्राविधिक सहयोग परियोजनामार्फत नेपालमा बीउ उत्पादन, आपूर्ति तथा गुण नियन्त्रण प्रणाली सुदृढीकरण (Strengthening of Seed Production, Supply and Quality Control System in Nepal) कार्यक्रमलाई सहयोग गरिरहेको छ । यस परियोजनाको कार्यान्वयन अवधि ५ वर्ष (सन् २०२२ मार्चदेखि २०२७ मार्च) रहेको छ । यस परियोजनाको कार्यान्वयन गर्ने निकाय बीउ गुण नियन्त्रण केन्द्र, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, नेपाल कृषि अनुसन्धान परिषद् र कोशी प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय रहेका छन् ।

यस परियोजना कोशी प्रदेशका मुख्य गरी झापा, मोरङ, सुनसरी र उदयपुर जिल्लामा कार्यान्वयन गरिनेछ । यस परियोजनाको उद्देश्य कोशी प्रदेशमा धानको बीउ उत्पादन, आपूर्ति तथा गुण नियन्त्रण प्रणाली सुदृढीकरण गरी गुणस्तरीय उन्नत बीउको प्रचारप्रसारमार्फत

धानको उत्पादकत्व वृद्धि गर्नु हो । यसमार्फत नेपालमा धानबालीको उत्पादन, आपूर्ति तथा गुण नियन्त्रण प्रणाली कार्यान्वयनलाई सुदढीकरण गर्नु हो ।

परियोजनाले यसको कार्यान्वयन अवधि र त्यसपछि पनि नेपालको दिगो सामाजिक र आर्थिक विकासमा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

### (ग) तराई क्षेत्रमा सिञ्चित कृषि प्रवर्द्धन कार्यक्रम

नेपाल सरकारले विकास साझेदारहरूसँग मिलेर तराई क्षेत्रमा धेरै सिँचाइ आयोजनाहरू कार्यान्वयन गरेको भए तापनि यसको सञ्चालन तथा मर्मतसम्भारको व्यवस्था प्रमुख चुनौती बन्न पुग्छ । सञ्चालन तथा व्यवस्थापनका लागि बजेटको अभाव र सिँचाइ आयोजनाले प्रदान गर्ने सेवाको स्तर अपेक्षितभन्दा कम भएकोले नेपाल सरकारले सञ्चालन तथा व्यवस्थापनसम्बन्धी जिम्मेवारीहरू प्रभावकारी रूपमा जल उपभोक्ता समूहहरूलाई हस्तान्तरण गरी तराई क्षेत्रमा सिँचाइलाई थप उत्पादक बनाउने तरिकाहरू विकास गर्ने सोच बनाएको छ ।

तसर्थ, सन् २०१६ मा नेपाल सरकारले जल उपभोक्ता समूहहरूको सक्रिय सहभागितामार्फत तराई क्षेत्रका सिँचाइ योजनाहरूको उपयुक्त सञ्चालन तथा व्यवस्थापन गर्ने उद्देश्यसहित जापानको प्राविधिक सहयोग परियोजना (Technical Cooperation) का लागि अनुरोध गरेको थियो । यसको प्रत्युत्तरमा जाइकाले उक्त नयाँ परियोजनाबारे छलफल गरी योजना बनाउन विस्तृत सर्वेक्षण टोली पठाउने निर्णय गरेको थियो ।

"तराई क्षेत्रमा सिञ्चित कृषि प्रवर्द्धन परियोजना" मुख्यतया झापास्थित कन्काई सिँचाइ प्रणालीमा केन्द्रित रहेको छ ।

यस परियोजनाको लक्ष्य नेपाल सरकार र जल उपभोक्ता समूहहरूहरूबीचको सहकार्यमा जल व्यवस्थापन तथा सिँचाइ संरचनाहरूको मर्मतसम्भारमा सुधार गर्ने र बजारमुखी कृषि केन्द्रित सिञ्चित खेतीलाई प्रवर्द्धन गर्ने रहेको छ ।

नेपालले सिँचाइ संरचनाहरूको सञ्चालन तथा मर्मतसम्भारमा चुनौती सामना गरिरहेको छ । पानीको उचित बाँडफाँड/वितरण तथा उपयोगका साथै सिँचाइ सेवा शुल्क संकलनका हिसाबमा यस्ता चुनौतीहरु अझ सघन रहेका छन् । यसले गर्दा सिँचाइ संरचनाहरूको प्रभावकारी उपयोग हुन सकेको छैन ।

तसर्थ, यस परियोजनाबाट नेपालभरि खाद्यान्न आपूर्तिलाई दीर्घकालमा स्थिर बनाउने र कृषिको प्रतिस्पर्धात्मक क्षमतालाई सुदृढ गर्ने अपेक्षाका गरिएको छ । साथै यस परियोजनाले अन्य सम्भावित सिञ्चित क्षेत्रहरूमा परियोजनाले विकास गर्ने सिँचाइ र कृषिका असल अभ्यासहरूको अनुकरण गरी देशको आर्थिक वृद्धिलाई अघि बढाउनेछ ।

# शिक्षा

- शिक्षा सल्लाहकार
- नेपालमा विद्यालय शिक्षाको गुणस्तर सुधार परियोजना (IMEN परियोजना)
- बालबालिकाको सिकाइमा सुधार



# सबैका लागि समतामूलक तथा गुणस्तरीय शिक्षा




## पृष्ठभूमि

सङ्घीय परिप्रेक्ष्यको परिवर्तनशील आवश्यकताअनुरूप नेपालको दीर्घकालीन सामाजिक आर्थिक विकास लक्ष्यहरू प्राप्त गर्न शिक्षाले महत्वपूर्ण र रूपान्तरणकारी भूमिका खेल्छ । यसले आर्थिक र सामाजिक समृद्धि हासिल गर्न उपयुक्त सीप, ज्ञान र विवेकका बारेमा जनतालाई सचेत गराउँदै मानव विकासका उपायहरूमार्फत गरिबी निवारणमा योगदान पुर्‍याउने छ । नेपालको संविधानले सबै नागरिकका लागि आधारभूत शिक्षामा पहुँचको मौलिक हकको प्रत्याभूति गरेको छ । नेपाल विद्यालय शिक्षा क्षेत्र योजना ( २०२२–२०३०) ले आधारभूत (कक्षा १ देखि ८) सम्मको शिक्षा अनिवार्य तथा निःशुल्क हुने र माध्यमिक शिक्षा निःशुल्क रहेको सुनिश्चित गर्ने राज्यको प्रतिबद्धता पूरा गर्ने, राष्ट्रिय

शिक्षा नीति, २०७६ कार्यान्वयन गर्ने, सन् २०३० सम्ममा गुणस्तरीय शिक्षा तथा जीवनपर्यन्त सिकाइमा समावेशी पहुँच सुनिश्चित गर्ने दिगो विकास लक्ष्यका चौथो लक्ष्य हासिल गर्ने परिकल्पना गरेको छ । नेपाल सरकारले हालै सार्वजनिक गरेको पन्ध्रौं पञ्चवर्षीय योजनाले सामाजिक क्षेत्रको सुधारलाई प्राथमिकतामा राखेको छ र यसले शिक्षालाई देश विकासको मुख्य माध्यमको रूपमा परिभाषित गरेको छ । नेपालले सन् २०३० सम्ममा मध्यम आय भएको मुलुक बन्ने दीर्घकालीन लक्ष्य पनि राखेको छ ।

## जाइकाको सहयोग

जाइकाले लामो समयदेखि नेपालमा शिक्षामा सीमित पहुँच भएका विद्यार्थीलाई लक्षित गरी शिक्षामा उनीहरूको अवसर बढाउन विद्यालय तथा कक्षाकोठा निर्माणलगायतका शैक्षिक पूर्वाधार विकासमा सहयोग गर्दै आएको छ । जाइकाको सहयोगमा सन् १९९४ देखि २०१४ सम्म नेपालका ३४ जिल्लामा ९,५०० भन्दा बढी कक्षाकोठा निर्माण भएका छन् ।

२०७२ सालको बैशाख १२ र २९ गते गएको महाभूकम्पपछि विद्यालय पुनर्निर्माण तथा पुनर्स्थापनाका आवश्यकतालाई सम्बोधन गर्न जाइकाले गोरखालगायत महाभूकम्प प्रभावित ६ जिल्लामा अझ राम्रो र बलियो निर्माणको अवधारणा अवलम्बन गरी आपत्कालीन विद्यालय पुनर्निर्माण परियोजना (Emergency School Reconstruction Project) लाई सहयोग गर्दै आएको छ । विद्यालयहरूको पुनर्निर्माण अन्तिम चरणमा रहेको र हालसम्म २ सय ७३ विद्यालयहरूको निर्माण सम्पन्न भइसकेको छ भने बाँकी एउटा विद्यालयको निर्माण सन् २०२३ को अप्रिलसम्म सम्पन्न गर्ने योजना रहेको छ ।

शिक्षा क्षेत्रको विषयक्षेत्रगत पद्धतिमा जाइका पनि संयुक्त लगानी साझेदारको रूपमा सन् २०१४ देखि २०२० सम्म सामेल भएको थियो र वार्षिक ३० करोड जापानी येन अनुदान सहयोग उपलब्ध गराएको थियो । जाइकाले नेपाल सरकार, अन्य विकास साझेदार र केही संयुक्त विषयगत कार्यदलसँग समेत सहकार्य गरेको छ ।

नयाँ विद्यालय शिक्षा क्षेत्र योजना (२०२२-२०३०) को विकास र अन्तिम रूप दिने बैठक तथा परामर्श कार्यशालाहरूमा सहभागी भएर जाइकाले स्थानीय शिक्षा विकास साझेदार समूह सदस्यको रूपमा योगदान पुऱ्याएको छ ।

जाइकाले प्रदान गर्दै आएका अन्य उल्लेखनीय प्राविधिक सहयोगहरू यस प्रकार रहेका छन् : शिक्षा तथा जनशक्ति विकास केन्द्र/शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका लागि जाइका शिक्षा सल्लाहकार, स्नातकोत्तर कार्यक्रमका लागि अल्पकालीन र दीर्घकालीन प्रशिक्षण प्रशिक्षणहरू ।

शिक्षा मन्त्रालयअन्तर्गत राष्ट्रव्यापी रूपमा कार्यान्वयन गरिएको विद्यालय तहको योजना तर्जुमा, व्यवस्थापन तथा अनुगमन क्षमता अभिवृद्धिमा केन्द्रित विद्यालय व्यवस्थापन सुधारमा सहयोग (दोस्रो चरण) (SISM–II) भर्खरै समाप्त भएको परियोजना हो ।

माथिको अग्रपङ्क्तिमा उल्लेख गरिएझैं, नेपालमा गणित शिक्षा सुधार परियोजना (IMEN Project) हाल कार्यान्वयनमा रहेको प्राविधिक सहयोग परियोजना हो ।

जाइका अन्य विकास साझेदारहरूसँगको सहकार्यमा शिक्षासम्बन्धी सबै सहयोगको प्रभावलाई बृहत्तर बनाउँदै विद्यालय शिक्षा क्षेत्रका योजनाका लक्ष्यहरू प्राप्त गर्न क्रियाशील रहेको छ ।

## नेपालमा विद्यालय शिक्षाको गुणस्तर सुधार कार्यक्रम

सन् २०१९ को जनवरीमा शुरु गरिएको यो परियोजना जनवरी २०२४ सम्म कार्यान्वयन गरिनेछ । यसले विशेष गरी कक्षा १-३ का विद्यार्थीहरूको आधारभूत गणित प्रवीणता सुधार ल्याउनेछ ।

यो लक्ष्य हासिल गर्न जाइकाले निम्न तीन प्रतिफलको प्राप्तिलाई सहयोग गर्दछ :

- कक्षा १-३ सम्मका गणित विषयमा विद्यार्थी सिकाइ सामग्री र शिक्षक निर्देशिकाको तर्जुमा तथा परिमार्जन गर्ने ।
- सेवाकालीन प्रशिक्षणको माध्यमबाट गणित शिक्षणमा प्राथमिक विद्यालयका शिक्षकहरूको क्षमता अभिवृद्धि गर्ने (शिक्षकको पेशागत विकास) ।
- स्थानीय तह, समुदाय र विद्यालय व्यवस्थापन समितिहरूको सहयोगमा विद्यालयहरूमा शिक्षाको गुणस्तर सुधार गर्ने गतिविधिहरूको सुदृढीकरण गर्ने ।

## भावी कार्यदिशा

नेपालमा जाइकाको भावी सहयोग रणनीतिले देहायका कार्य गर्ने लक्ष्य राखेको छ : (१) तलदेखि माथि र समानान्तर रूपमा गणितमा सिकाइ प्रतिफल सुधारमा लक्षित रहँदै आधार भूत शिक्षाको गुणस्तरमा थप जोड दिने र (२) नयाँ सङ्घीय संरचनाअन्तर्गत पालिका शिक्षा योजना र विद्यालय सुधार योजनाबीचको सम्बन्ध सुनिश्चित गर्दै यथार्थपरक योजना तर्जुमाका लागि क्षमता विकासमा केन्द्रित भएर शैक्षिक गतिविधिहरूको कार्यान्वयन तथा अनुगमनलाई प्रभावकारी बनाउन विद्यालय शिक्षा प्रणाली/व्यवस्थापनको सुदृढीकरणका उपायबारे विचार गर्ने ।

जाइकाले विद्यालय शिक्षा क्षेत्र कार्यक्रम ढाँचाअन्तर्गत विभिन्न योजनाहरूमार्फत शिक्षामा सहयोग गर्ने सम्भावनाहरूको खोजी जारी राख्नेछ ।

## स्वास्थ्य क्षेत्रमा सुधार

- अन्तर्राष्ट्रिय संस्थाहरूमार्फत कोभिड-१९ महामारी प्रतिकार्यका लागि सहयोग
- आर्थिक तथा सामाजिक विकास कार्यक्रम (मेडिकल उपकरण)
- प्रमुख सरकारी अस्पतालहरूमा मेडिकल उपकरण सुधार आयोजना
- धुलिखेल अस्पतालमा ट्रमा तथा आकस्मिक मेडिकल केन्द्र निर्माण आयोजना तयारी सर्वेक्षण
- मातृ तथा बाल स्वास्थ्य र पोषण कार्यक्रम (विश्व खाद्य कार्यक्रममार्फत)
- काठमाडौं उपत्यका र यसका छिमेकमा छारेरोग निदान क्षमता अभिवृद्धि तथा उपचारका लागि क्षेत्रीय सहकार्य प्रवर्द्धन कार्यक्रम



# सामुदायिक स्वास्थ्य सुधार



*परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल, थापाथली, काठमाडौं*

## पृष्ठभूमि

नेपालको संविधानले राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क पाउने र स्वास्थ्य सेवामा सबैको समान पहुँच हुने मौलिक हक स्थापित गरेको छ । मुलुकको नयाँ संविधानलाई मध्यनजर गर्दै सङ्घीयस्तरमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले राष्ट्रिय स्वास्थ्य नीति, २०७६ तर्जुमा गरेको छ । सङ्घीय संसदले स्वास्थ्य सेवामा नागरिकको संवैधानिक अधिकारलाई व्यवहारमा उतार्न सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन र जनस्वास्थ्य सेवा ऐन जस्ता विभिन्न ऐन तर्जुमा गरको छ ।

माथि उल्लिखित नीतिहरू पूरा गर्न नेपाल स्वास्थ्य क्षेत्र रणनीति (NHSS) २०१५-२०२० (२०२२ सम्म विस्तार) कार्यान्वयन गरिएको थियो । यस रणनीतिले नेपालको स्वास्थ्य क्षेत्रलाई स्वास्थ्य सेवामा सर्वव्यापी पहुँचतर्फ अघि बढाउन चारवटा प्रमुख रणनीतिक निर्देशनहरू तय गरेको थियो : (१) स्वास्थ्य सेवामा समतामूलक पहुँच, (२) गुणस्तरीय स्वास्थ्य सेवा, (३) स्वास्थ्य प्रणालीमा सुधार र (४) बहुपक्षीय सहकार्य । फलस्वरूप, नेपालले समग्र स्वास्थ्य उपलब्धिहरूको सुधारमा निरन्तर प्रगति गरेको थियो । विशेष गरी, बाल जीवन रक्षा तथा मातृ स्वास्थ्यमा उल्लेखनीय प्रगति भएको छ जुन सहस्राब्दी विकास लक्ष्यअन्तर्गत लक्ष्य ४ र ५ थियो भने दिगो विकास लक्ष्यअन्तर्गत लक्ष्य ३ रहेको छ । यससँगै नेपालले जनस्वास्थ्य सेवालाई देशका दुर्गम क्षेत्रहरूमा विस्तार गर्दै स्वास्थ्य सेवामा जनताको पहुँच बढाएको छ ।

स्वास्थ्य क्षेत्रमा उल्लेखनीय उपलब्धिहरू भए तापनि केही चुनौती र समस्याहरू अझै बाँकी छन् । यी चुनौती तथा समस्याले स्वास्थ्य सेवाको आवश्यकता रहेका सबै व्यक्तिसम्म गुणस्तरीय र समतामूलक स्वास्थ्य सेवा पुऱ्याउन अवरोध खडा गर्दछन् । खास गरी दुर्गम क्षेत्रमा रहेका स्वास्थ्य संस्थामा गुणस्तरीय चिकित्सकीय उपकरण र प्रशिक्षणप्राप्त स्वास्थ्यकर्मी नहुँदा गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच नहुनु केही प्रमुख चुनौती र समस्या हुन् । जनताले आर्थिक, सामाजिक-सांस्कृतिक, भौगोलिक र संस्थागत अवरोधका कारण स्वास्थ्य सेवामा पहुँच पाउन सकेका छैनन् र उपलब्ध स्वास्थ्य सेवाको उपयोग न्यून हुन पुगेको छ । पुनरावृत्ति भइरहने प्राकृतिक विपद्, सडक दुर्घटनाका कारण हुने मृत्यु तथा चोटपटक र २०७२ सालको वैशाखमा गएको विनाशकारी महाभूकम्प र त्यसपछिका परकम्पका कारण हजारभन्दा बढी स्वास्थ्य संस्थाहरू प्रभावित भएका थिए र कोभिड-१९ को महामारीले स्वास्थ्य सेवाप्रवाह तथा वितरण प्रणालीमा ठूलो असर पुगेको छ । त्यसै गरी भर्खरै निर्माण भएको सङ्घीय शासन संरचनामा स्वास्थ्य प्रणालीको क्षमतामा रहेको ठूलो कमीले गुणस्तरीय स्वास्थ्य सेवालाई समन्वयात्मक रूपमा सुनिश्चित गर्न कठिन बनाइरहेको छ । नयाँ शासन संरचनाअनुसार सङ्घ, प्रदेश र स्थानीय तहमा स्वास्थ्य क्षेत्रमा एकीकृत र समन्वयात्मक सुशासन कायम गर्नु, विषयगत तथा व्यवस्थापकीय माध्यमबाट स्वास्थ्य प्रणाली तथा सेवालाई बृहत्तर क्षेत्रमा विस्तार गर्नु (नसर्ने रोगका सेवा) महत्वपूर्ण रहेको छ ।

यसै सन्दर्भमा स्वास्थ्य क्षेत्रमा थप सुधारका लागि नेपाल सरकारले सङ्घीय स्वास्थ्य प्रणाली, राष्ट्रिय स्वास्थ्य नीति २०७६ र दिगो विकास लक्ष्यअनुरूप हुने गरी नयाँ स्वास्थ्य क्षेत्र रणनीतिक योजना २०२२-२०३० सार्वजनिक गर्ने तयारी गरेको छ । यो योजनाले अतिकम विकसित देशबाट माथि उठ्ने नेपालको आकांक्षालाई पनि बोक्नेछ ।

## जाइकाको सहयोग

जाइकाले सन् १९७० देखि नै नेपालको स्वास्थ्य क्षेत्रमा सहयोग गर्दै आएको छ । यसमा अनुदान सहयोग, स्वास्थ्य संस्थाको स्तरोन्नति, मेडिकल/चिकित्सा उपकरण र स्वास्थ्य क्षेत्रमा जनशक्ति विकासका लागी जाइकाले प्राविधिक सहायता गरेको छ ।

त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालको निर्माण सन् १९८२ मा जापान सरकारको अनुदान सहयोगमा भएको थियो । त्यसबेलादेखि अहिलेसम्म जाइका नेपाल र त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालले सहकार्यको गौरवशाली ४० औँवर्ष पूरा गरेका छन् । आज यो अस्पताल मुलुकमै उत्कृष्ट सुविधा तथा स्रोतसाधनसहित स्वास्थ्य सेवाप्रदायकको सूचीमा पहिलो स्थानमा रहेको छ । त्यसै गरी, सन् २०१७ मा चिकित्सकीय उपकरण सुधारका लागि अनुदान सहायता उत्कृष्ट परियोजना भएको छ । यस परियोजनाले १.५ टेस्लाको म्याग्नेटिक रिजोनेन्स इमेजिङ (एमआरआई), हाइ प्रेसर स्ट्रीम स्टेरिलाइजर; सी-आर्म एक्स-रे मेसिन र अन्य धेरै अत्याधुनिक (उन्नत) चिकित्सा उपकरणहरू तीन वर्षको मर्मतसम्भार सम्झौता र उत्पादनकर्ताको वारेन्टी अवधिसहित खरिद गरी जडान गरेको थियो । उपकरणहरू उपलब्ध गराउनुका अतिरिक्त नयाँ एमआरआई कक्षको मर्मतसम्भार, विभिन्न ठाउँमा वाटरप्रुफिङ कार्य, प्रिभेन्टिभ उपकरण मर्मतसम्भारका लागि प्राविधिक पक्षहरूको प्रबन्ध र उपकरणको उचित प्रयोग तथा मर्मतसम्भारका लागि ब्रशअप प्रशिक्षण पनि प्रदान गरिएको थियो । त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालले एकीकृत क्लिनिकल सेवा, चिकित्सा तथा नर्सिङ शिक्षा




*काठमाडौंको महाराजगञ्जस्थित त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताललाई प्रदान गरिएको एमआरआई मेसिन*

र अनुसन्धान कार्यक्रमहरूमार्फत स्वास्थ्य सेवा अति आवश्यक परेका बिरामीहरूलाई उत्कृष्ट स्वास्थ्य सेवा प्रदान गर्ने देशकै अग्रणी स्वास्थ्य संस्था बनेको छ ।

त्यसै गरी, २०७२ सालको महाभूकम्पका कारण भत्किएका अस्पतालहरूको पुनर्निर्माणसम्बन्धी तत्कालका आवश्यकतालाई सम्बोधन गर्न जाइकाले वीर अस्पताल र परोपकार प्रसूति तथा महिला अस्पतालको पुनर्निर्माणका लागि अनुदान सहयोगसहितका परियोजनाहरूबाट सहयोग गरेको थियो । अर्को जापानी अनुदान सहयोगमा सञ्चालित परियोजनाले आठवटा ठूला सरकारी अस्पतालमा मेडिकल उपकरणहरू स्तरोन्नति गरी नसर्ने रोगहरूको निदान तथा उपचार प्रणालीलाई सुदृढ बनाउने लक्ष्य लिएको छ र उक्त परियोजना हाल कार्यान्वयनमा रहेको छ ।

जाइकाले स्वास्थ्य शिक्षा, क्षयरोग निवारण, विद्यालय स्वास्थ्य तथा पोषण र प्राथमिक स्वास्थ्य सेवाका क्षेत्रमा जनशक्ति विकास गर्न प्राविधिक सहयोगका रूपमा दीर्घकालीन सहयोग गर्दै आएको छ । त्यसै गरी, जाइकाले आधारभूत स्वास्थ्य सेवामा विद्यालयका बालिबालिकाको पहुँच सुधार गर्न, रोगको रोकथाम गर्न, विद्यालयका विद्यार्थीमार्फत आमाबुबा तथा समुदायको स्वास्थ्य सुधार गर्न जापानी स्वयंसेवकहरू पठाएर र जापानी गैरसरकारी संस्था र स्थानीय गैरसरकारी संस्थाहरूको सहकार्यमा धेरै परियोजनाहरू सञ्चालन गरी स्वास्थ्य क्षेत्रमा सहयोग गर्दछ ।

## भावी कार्यदिशा

जाइकाले चिकित्सा उपकरण, स्वास्थ्य संस्था तथा संरचनाको सुधार र क्षमता अभिवृद्धिमार्फत स्वास्थ्य प्रणाली सुदृढीकरणको सहयोग जारी राख्नेछ । मध्यम र दीर्घकालीन रूपमा जाइकाले सङ्क्रामक तथा नसर्ने रोगहरूको क्षेत्रमा दक्ष स्वास्थ्यकर्मीहरूसहितको गुणस्तरीय स्वास्थ्य सेवा सुदृढीकरण गर्ने गरी आफ्नो सहयोग विस्तार गर्ने तयारी गरिरहेको छ ।



## शहरी वातावरणमा सुधार

- खानेपानी, सरसफाइ तथा स्वच्छता (WASH) कार्यक्रम सल्लाहकार
- पोखरामा खानेपानी सेवा सुधार कार्यक्रम
- बिराटनगरमा खानेपानी सेवा सुधार कार्यक्रम
- पोखरामा फोहरपानी/ढल व्यवस्थापनसम्बन्धी गुरुयोजना निर्माण परियोजना
- काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयुकेएल) को खानेपानी सेवा सुधारका लागि प्राविधिक सहयोग परियोजना
- नेपाल खानेपानी संस्थानको खानेपानी सेवा सुधारका लागि प्राविधिक सहयोग परियोजना
- वाटर इन्जिनियरिङ र उपयोगिता व्यवस्थापन : भावी नेतृत्वका लागि प्रशिक्षण कार्यक्रम व्यवस्थापन : भावी नेतृत्वका लागि लागि प्रशिक्षण कार्यक्रम (स्नात्तकोत्तर कार्यक्रम)



# शहरी वातावरण सुधार

## पृष्ठभूमि

शहरी वातावरणअन्तर्गत धेरै क्षेत्रहरू पर्दछन् । जाइकाको शहरी वातावरण सुधार कार्यक्रमले मूलतः दुईवटा पक्षलाई समेटेको छ :

(१) खानेपानी आपूर्ति

(२) फोहोरमैला व्यवस्थापन

जाइकाले दिगो विकास लक्ष्य ६ "सबैका लागि स्वच्छ खानेपानी तथा सरसफाइ" अनुरूप नेपाल सरकारले खानेपानी आपूर्ति तथा फोहोरमैला व्यवस्थापनका सम्बन्धमा तय गर्ने आवश्यकताका आधारमा आफ्नो सहयोग रणनीति तय गर्दछ ।

## खानेपानी आपूर्ति तथा सरसफाइ

स्वच्छ खानेपानीको पहुँच सबैको आवश्यकता र मौलिक मानव अधिकार हो । तर आजसम्म नेपाली जनता खानेपानी र गुणस्तरीय सरसफाइ सुविधाका लागि सङ्घर्षरत नै छन् । नेपालको दिगो विकास लक्ष्यसम्बन्धी मार्गचित्रले सन् २०३० सम्ममा ९०% जनसङ्ख्यासम्म सुरक्षित खानेपानी पुऱ्याउने र ९०% शहरी घरपरिवारमा ढल प्रणाली वा दिसाजन्य लेदो व्यवस्थापन प्रणाली भएको चर्पी हुने लक्ष्य राखेको छ । तर अहिलेको परिदृश्यमा सो लक्ष्य हासिल गर्न अझै लामो यात्रा तह गर्नुपर्ने देखिन्छ । सुरक्षित व्यवस्थापनसहितको खानेपानी र सरसफाइ सुविधामा पहुँच भएको जनसङ्ख्या क्रमशः १८% र ४९% मात्र रहेका छन् (संयुक्त अनुगमन कार्यक्रम प्रतिवेदन, २०२१) । त्यसै गरी, खानेपानीको गुणस्तर सुनिश्चित गरिएको छैन र फलस्वरूप खानेपानी योजनाहरूको न्यून कार्यक्षमता र व्यवस्थित अनुगमन संयन्त्रको अभावका कारण ई-कोलाई जस्ता रोग जीवाणुको जोखिम उच्च रहेको छ ।

## जाइकाको सहयोग

नेपालको खानेपानी क्षेत्रमा जापान सरकारले सन् १९७० को दशकदेखि नै सहयोग गर्दै आएको छ । जाइकाले विशेष गरी नेपालका शहरी र अर्धशहरी क्षेत्रमा खानेपानी तथा सरसफाइ सुधारका लागि अविच्छिन्न नीतिगत, आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउँदै आएको छ ।

हाल, जाइकाको सहयोगलाई नेपालले तय गरेको राष्ट्रिय दिगो विकास लक्ष्यहरूसँग जोडिएको छ । नेपालका ठूला शहरमा खानेपानी सेवाको सुधार तथा व्यवस्थापन गरी सुरक्षित खानेपानीमा पहुँच बढाउन र सरसफाइ अभ्यासको प्रवर्द्धन गर्नेमा जाइकाको सहायता रणनीति केन्द्रित छ । यस सम्बन्धमा धेरै कार्यक्रमहरू कार्यान्वयनमा रहेका छन् :

- जाइकाले काठमाडौंपछिको दोस्रो ठूलो शहर पोखरामा जापानी अनुदान सहयोगअन्तर्गत खानेपानी प्रशोधन केन्द्र र वितरण सञ्जाल निर्माण गरी खानेपानी सेवामा सुधार गर्न सहयोग गरिरहेको छ ।
- यस्तै प्रकारको सहयोग नेपालको प्रमुख औद्योगिक शहर विराटनगर महानगरपालिकामा खानेपानी सेवा सुधारका लागि कार्यान्वयनमा रहेको छ ।
- काठमाडौं उपत्यकामा जाइकाले जापान सरकारको ऋण सहयोगमार्फत बहुप्रतीक्षित मेलम्ची खानेपानी आयोजनाअन्तर्गत प्रतिदिन ८.५ करोड लिटर पानी प्रशोधन क्षमताको मेलम्ची खानेपानी आयोजना खानेपानी प्रशोधन प्लान्टको निर्माणमा सहयोग गरेको छ ।
- पोखरा महानगरपालिकामा फोहोरपानी व्यवस्थापनको गुरुयोजना तर्जुमा भइरहेको छ । यस गुरुयोजनाले अनसाइट र अफसाइट सरसफाइ सुधारका प्राथमिक परियोजनाहरू पहिचान गर्ने उद्देश्य राखेको छ ।

खानेपानी संरचनाहरूको निर्माणसँगै जाइकाले उन्नत सेवा प्रवाहका लागि खानेपानी तथा सरसफाइ सेवाहरूको संस्थागत सुदृढीकरणमा पनि उत्तिकै जोड दिएको छ । यस सम्बन्धमा धेरै प्राविधिक सहयोग परियोजनाहरू कार्यान्वयन भइरहेका छन्, जस्तै :

- काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयुकेएल) को खानेपानी सेवा सुधारका लागि प्राविधिक सहयोग परियोजना
- नेपाल खानेपानी संस्थानको खानेपानी सेवा सुधारका लागि प्राविधिक सहयोग परियोजना



त्यसै गरी, क्षमता विकाससम्बन्धी कार्यक्रम जाइकाको हरेक सहायता रणनीतिमा सम्मिलित रहेको छ । सरकारी अधिकारीहरूको वृत्ति विकासका लागि जाइकाले विभिन्न अल्पकालीन र दीर्घकालीन प्रशिक्षण कार्यक्रमहरूमार्फत यसलाई कार्यान्वयन गर्दै आएको छ ।

जाइकाले वातावरण तथा जलवायु परिवर्तनसम्बन्धी अन्य क्रियाकलापमा पनि सहयोग गर्दछ । सौर्य विद्युत् उत्पादन प्रणालीद्वारा स्वच्छ ऊर्जाको शुरूवाती परियोजना जाइकाको सहयोगमा सञ्चालित पहिलो र नमूना परियोजना थियो । यसलाई जापानको वातावरण तथा जलवायु परिवर्तनसम्बन्धी विशेष अनुदान सहायताअन्तर्गत अघि बढाइएको थियो । त्यसै गरी “स्वच्छ काठमाडौं उपत्यका (Clean Kathmandu Valley) परियोजना” लाई फोहोरमैला व्यवस्थापन क्षेत्रमा कोसेढुङ्गा परियोजनाका रूपमा लिइन्छ ।



*सुन्दरीजल पानी प्रशोधन केन्द्र*

# औद्योगिक क्षेत्रको उत्थानका लागि निजी क्षेत्र विकास तथा जनशक्ति विकास

- वैदेशिक लगानी सल्लाहकार
- तत्काल भुक्तानि डिजिटल प्लेटफर्म आयोजना
- Dolma Impact Fund II 'प्रभाव लगानी प्रवर्द्धन परियोजना'



# निजी क्षेत्रको विकास

## पृष्ठभूमि

धेरै देशहरूका लागि वैदेशिक लगानी निजी बाह्य लगानीको एक महत्वपूर्ण स्रोतको रूपमा रहिआएको छ । यसको महत्व विकासशील अर्थतन्त्रहरूमा अझ बढी रहेको छ किनभने यसले वित्तीय स्रोतहरूसँगै प्रविधि तथा सीपको हस्तान्तरण र विश्व बजारसम्मको पहुँचमा सहयोग पुऱ्याउँदछ । नेपालले पनि घरेलु उत्पादन प्रवर्द्धन गर्न वैदेशिक लगानी बढाउने प्रयास गरिरहेको छ । सन् २०२०/२१ मा वैदेशिक लगानी प्रवाह २०१९/२० को तुलनामा १९% ले बढेको देखिन्छ । वैदेशिक लगानी प्रवर्द्धनका लागि नेपाल सरकारले प्रविधि स्थापना र आवश्यक ज्ञानमा जोड दिइरहेको छ ।

सन् ९० को दशकको प्रारम्भमा उदार आर्थिक नीति अपनाएपछि बैंकिङ, मिडिया र दूरसञ्चार क्षेत्रमा निजी क्षेत्रको लगानी बढेको देखिन्छ । जलविद्युत्, पर्यटन, कृषि र प्रशोधन उद्योग निजी क्षेत्रको लगानीको प्रचुर सम्भावना रहेका क्षेत्र हुन् । यद्यपि, विशेष गरी लगानीको वातावरण, न्यून निर्यात प्रतिस्पर्धात्मक क्षमता र स्वदेशी उद्योगको आयात प्रतिस्थापन क्षमता अपर्याप्त भएकाले नेपालले लगातार ठूलो व्यापार घाटाको बेहोरिरहेको छ ।

नेपालको श्रम बजारमा प्रवेश गर्ने वार्षिक श्रमशक्ति १ करोड ६० लाखभन्दा बढी छ (सन् २०२१) । वैदेशिक रोजगारीबाट प्राप्त हुने विप्रेषण (कुल गार्हस्थ उत्पादनको २४.७%, सन् २०२१ को आँकडाअनुसार) ले भुक्तानी सन्तुलन बनाउन योगदान दिने गरेको छ । तर विप्रेषणमा आधारित अर्थतन्त्र दीर्घकालमा कमजोर हुँदै जानेछ । एकातिर यो अवस्था चुनौती हो भने अर्कोतिर निजी क्षेत्रको लगानीका लागि अवसर पनि हो । अहिले राजनीतिक सङ्क्रमण सकिएको छ । नेपालमा राजनीतिक स्थिरता स्थापित हुँदै बिस्तारै आर्थिक वृद्धितर्फ बढ्दै गएको छ । यी सकारात्मक परिवर्तनहरूले नेपालमा लगानी प्रवर्द्धनका लागि अनुकूल वातावरण ल्याउने अपेक्षा गरिएको छ ।

## जाइकाको सहयोग

जाइकाले जापानमा हुने सामूहिक र देशकेन्द्रित प्रशिक्षणमा सहभागी हुन नेपालका सरकारी अधिकारीलाई प्रशिक्षण सहायता कार्यक्रममार्फत सहयोग गर्दै आएको छ । यस्ता प्रशिक्षणको उद्देश्य लगानीका वातावरण प्रवर्द्धन गर्न आवश्यक पर्ने ज्ञान र सीप उपलब्ध गराउनु तथा हस्तान्तरण गर्नुका साथै वैदेशिक लगानी आकर्षित गर्न नीतिगत सुधारमा सहयोग गर्नु हो । यस कार्यक्रमले नेपालमा वैदेशिक लगानीको वातावरण सुधार गर्नुका साथै स्थानीय उद्यमको विकास, प्रविधि हस्तान्तरण, सार्वजनिक निजी साझेदारीमार्फत अनुकूल लगानी प्रवर्द्धन गर्ने र उद्योगहरूका लागि जनशक्ति विकास गर्ने लक्ष्य राखेको छ । गत वर्ष, सन् २०२१ मा, जाइकाले ऊर्जा क्षेत्रमा भर्टिकल सेपरेसन सार्वजनिक-निजी साझेदारी मोडेल ल्याएको थियो, जसको उद्देश्य ठूला पूर्वाधार परियोजनाहरू (जलविद्युत् र अन्य) मा निजी लगानी भित्र्याउन मद्दत गर्नु रहेको छ ।

हाल, जाइकाले वैदेशिक लगानी सल्लाहकार नियुक्त गरको छ र क्षमता अभिवृद्धि गतिविधिहरू सञ्चालनमार्फत लगानीकर्ता केन्द्रित सेवा सुदृढ बनाउन लगानी बोर्डको कार्यालयलाई सहयोग गर्दै आएको छ । त्यसैगरी, जाइकाले नेपालमा

इन्टरनेटमार्फत व्यक्ति र बैंकबीच चुस्त, खुल्ला (विभिन्न प्रणालीहरूमा अन्तरआबद्धतासहितको) सुविधाजनक, सस्तो र सुरक्षित भुक्तानी फर्स्यौट (Fund Settlement) पूर्वाधारहरू शुरु गरी निजी क्षेत्रको लगानी तथा वित्तीय (PSIF) परियोजना कार्यान्वयन गरिरहेको छ । साथै, यो परियोजनाले डिजिटल नेपाल फ्रेमवर्कमा योगदान पुऱ्याउँछ र दिगो विकास लक्ष्य ११ र १७ हासिल गर्न सहयोग गर्नेछ, जसले नेपाललाई मध्यम आय भएको देशमा स्तरोन्नति गर्न योगदान पुऱ्याउनेछ ।

साथै, जाइकाले नेपालमा उद्यमशीलता र वृत्ति विकासमा सहयोग अभिवृद्धि गरी नेपाली समाज र वातावरणमा वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूको पुनर्एकीकरणमा काम गर्ने योजना बनाइरहेको छ । यस परियोजनाले देशमा रोजगारीका अवसरहरू बढाउनुका साथै जापानमा रहँदा सदुपयोग गरिएका सीपहरूको हस्तान्तरण गरी उत्पादनको निरन्तर सुधार (KAIZEN) मा योगदान गर्ने लक्ष्य राखेको छ ।

## डोल्मा इम्प्याक्ट फन्ड परियोजना

डिसेम्बर १९, २०२२ मा जाइकाले डोल्मा इम्प्याक्ट फन्ड (दोस्रो चरण) अन्तर्गत १ करोड अमेरिकी डलर बराबरको लगानी सम्झौतामा हस्ताक्षर गरेको थियो जुन नेपालमा पहिलो निजी क्षेत्र लगानी कोष परियोजना हो । डोल्मा इम्प्याक्ट फन्ड एउटा निजी इक्विटी कोष हो, जसको व्यवस्थापन डोल्मा कोष व्यवस्थापनमार्फत हुने गरेको छ । जाइकाको लगानी मुख्यतया नेपालका स्वास्थ्य सेवा कम्पनी, सूचना प्रविधिमा आधारित/डिजिटल कम्पनी र नवीकरणीय ऊर्जा परियोजनाहरूमा इक्विटी लगानीको रूपमा रहनेछ । डोल्मा इम्प्याक्ट फण्ड (दोस्रो) मा बेलायती अन्तर्राष्ट्रिय लगानी, अमेरिकी अन्तर्राष्ट्रिय विकास वित्त सहयोग, र अन्तर्राष्ट्रिय वित्तीय सहयोग र अन्य विकास वित्तीय संस्थाहरूसँगको सहलगानीसहितको कोष हो । जाइकाले डोल्मा इम्प्याक्ट फण्ड (दोस्रो) को अन्तिम समयसम्म कुल ७ करोड ७ लाख अमेरिकी डलर बराबर सहयोग गर्नेछ ।

सन् २०२६ सम्ममा नेपाल अल्पविकसित देशको श्रेणीबाट माथि उठ्ने अपेक्षा गरिएको छ । यस सन्दर्भमा, नेपालको सामाजिक आर्थिक विकासलाई अगाडि बढाउँदै अल्पविकसित देशहरूको श्रेणीबाट स्तरोन्नतिका लागि स्वास्थ्य सेवा, आईटी/डिजिटल उद्योग र जलविद्युत् उत्पादनजस्ता सम्भावना बोकेका उद्योगहरूको प्रवर्द्धन तथा विकास तत्काल गर्नुपर्ने महत्वपूर्ण कार्य हुन् । डोल्मा कोष व्यवस्थापन (DFM) ले इम्प्याक्ट लगानी फन्डमार्फत नेपालमा स्वास्थ्य क्षेत्र, सूचना प्रविधि तथा डिजिटल क्षेत्र र नवीकरणीय ऊर्जाका क्षेत्रमा लगानी गरी औद्योगिक विकास, रोजगारी सिर्जना र नवीकरणीय ऊर्जाको विकासलाई अगाडि बढाउन सहयोग गर्नेछ । यसका अतिरिक्त, डोल्मा कोष व्यवस्थापनले प्राथमिक सेयर निष्कासन (IPO) र अन्य तरिकामार्फत नेपालको शेयर बजार र निजी इक्विटी कोष बजारको विकासमा योगदान पुऱ्याउन सक्छ । यसबाहेक, डोल्मा इम्प्याक्ट कोष दोस्रोले दिगो विकास लक्ष्य ५ (लैङ्गिक समानता), ७ (सस्तो तथा स्वच्छ ऊर्जा), र ८ (मर्यादित काम तथा आर्थिक वृद्धि) मा योगदान गर्नेछ ।

जाइकाले विशेषगरी पूर्वाधार, निजी क्षेत्रको विकास, ऊर्जा, स्वास्थ्य, शिक्षालगायतका क्षेत्रमा औपचारिक विकास सहायतामार्फत नेपालको सामाजिक आर्थिक विकासमा सहयोग गर्दै आएको छ । डोल्मा इम्प्याक्ट फण्ड २ र जाइकाको चालू सहयोगबीचको सहकार्यले नेपालमा एकीकृत सामाजिक आर्थिक विकास हासिल गर्ने उच्च अपेक्षा गरिएको छ ।

## भूकम्पपछिको पुनर्निर्माण तथा विपद् जोखिम न्यूनीकरण

- सांस्कृतिक सम्पदा सल्लाहकार
- सहभागितामूलक ग्रामीण पुनर्लाभ परियोजना
- आपत्कालीन विद्यालय पुनर्निर्माण परियोजना
- सुरक्षित भवन निर्माणका लागि राष्ट्रिय भवन संहिता पालना प्रवर्द्धन परियोजना
- काठमाडौं उपत्यकाको उत्थानशीलताका लागि विपद् जोखिम सुशासन सुदृढीकरण परियोजना



# भूकम्पपछिको पुनर्निर्माण अझ राम्रो र बलियो निर्माण मार्फत उत्थानशील नेपालको निर्माण




*सिन्धुपाल्चोकमा निर्माणाधीन घर*

## पृष्ठभूमि

२०७२ साल वैशाख १२ गते नेपालमा ७.८ म्याग्निच्युडको विनाशकारी भूकम्प गएको थियो । त्यसपछि वैशाख २९ गते ७.३ म्याग्निच्युडको अर्को शक्तिशाली पराकम्प गएको थियो । यो महाभूकम्पमा परी करीब ९,००० व्यक्तिको मृत्यु भएको थियो भने २२,००० घाइते भएका थिए । ५ लाखभन्दा बढी घरहरू पूर्ण वा आंशिक रूपमा क्षग्रिस्त हुनुका साथै ३० लाख व्यक्तिहरू घरबारविहीन भए । भूकम्पका कारण करीब ७ हजार विद्यालयमा क्षति पुगेको थियो भने हजारौं बालबालिकाको शिक्षा प्रभावित भएको थियो । भूकम्पले भौतिक पूर्वाधारमा मात्रै क्षति पुऱ्याएको थिएन बरु यसले जनसर्वसाधारणको जीविकोपार्जन र स्थानीय अर्थतन्त्रमा पनि ठूलो असर पारेको थियो । नेपालको लामो समयदेखिको विकास सहयात्री जाइकाले नेपाल सरकार र नेपालका जनतालाई भूकम्पपछिको पुनर्लाभ तथा पुनर्निर्माणका विभिन्न क्षेत्रमा सहयोग गर्दै आएको छ

## जाइकाको सहयोग

जाइकाको सहयोग अझ राम्रो र बलियो निर्माणको अवधारणामा आधारित रहँदै जापानको ज्ञान, अनुभव र प्रविधिको आदानप्रदानमार्फत ग्रामीण आवास, विद्यालय, अस्पताल, सांस्कृतिक सम्पदा र अन्य सार्वजनिक पूर्वाधारहरूको पुनर्स्थापना तथा र पुनर्निर्माणमा केन्द्रित छ । भौगोलिक रूपमा जाइकाको सहयोग काठमाडौं उपत्यकाका साथै भूकम्पबाट अत्यन्त प्रभावित अन्य दुई जिल्ला जिल्ला गोरखा र सिन्धुपाल्चोकमा केन्द्रित छ । जाइकाको भूकम्प पुनर्लाभसम्बन्धी सहयोगका अधिकांश कार्य सम्पन्न भइसकेका छन् भने केही चालू परियोजना अन्तिम चरणमा छन् । जाइकाको सहयोग निम्न प्राथमिकता क्षेत्रहरूमा छ ।

### १. विद्यालय पुनर्निर्माण

भूकम्पको लगत्तै जाइकाले तीनवटा जिल्लाहरूमा आंशिक रूपमा क्षतिग्रस्त विद्यालय संरचनाहरू पुनर्स्थापना गर्न र १८४ कक्षाकोठा मर्मत गर्न आपत्कालीन सहायता प्रदान गरेको थियो । चालू आपत्कालीन विद्यालय पुनर्निर्माण परियोजना (Emergency School Reconstruction Project) ले जाइकाले तयार पारेको भूकम्प प्रतिरोधी भवन निर्देशिकाका आधारमा ६ जिल्लाका २७४ विद्यालय पुनर्निर्माण गर्न सहयोग गर्दछ । हालसम्म २७३ विद्यालय निर्माण सम्पन्न भइसकेका छन् भने बाँकी एउटा विद्यालयको निर्माण २०२३ अप्रिलसम्ममा सम्पन्न गर्ने योजना छ ।



*आपत्कालीन विद्यालय पुनर्निर्माण परियोजना अन्तर्गत निर्माण गरिएको ज्योति माध्यमिक विद्यालय, हार्नामाडी, हेटौंडा*

### २. आवास पुनर्निर्माण

आपत्कालीन आवास पुनर्निर्माण परियोजनामार्फत जाइकाले गोरखा र सिन्धुपाल्चोकमा घर पुनर्निर्माणका लागि करीब ३५ हजार लाभग्राहीलाई आर्थिक सहयोग र करीब ९५ हजार लाभग्राहीलाई प्राविधिक सहयोग उपलब्ध गरायो । जाइकाले भूकम्प प्रतिरोधी घर निर्माणका लागि भवनको तर्जुमा, निर्देशिका र प्रशिक्षण सामाग्री तयार गर्न पनि सहयोग गरेको थियो । यी मार्गदर्शन सामग्री कसरी प्रयोग गर्ने भन्ने सम्बन्धमा डकर्मी (मिस्त्री), इन्जिनियर र घरधनीका लागि प्रशिक्षण पनि सञ्चालन गरेको थियो । पुनर्निर्माणमा समुदायलाई प्रत्यक्ष संलग्न गराएर आवास पुनर्निर्माणलाई तीव्रता दिन सामुदायिक परिचालन कार्यक्रम ल्याइयो । ८५ हजारभन्दा बढी (करीब ९०%) घरहरूको पुनर्निर्माण सन् २०२० को डिसेम्बरमा परियोजना अन्त्य हुँदासम्म पूरा भइसकेको थियो ।

### ३. सार्वजनिक पूर्वाधार

भूकम्पपछि लगत्तै जाइकाले क्षतिग्रस्त काठमाडौं-भक्तपुर सडक खण्ड र सिन्धुली सडकको पुनर्स्थापना गरेको थियो । अनुदान सहयोगमार्फत वीर अस्पताल र परोपकार प्रसूति तथा महिला अस्पतालको पुनर्निर्माण (काठमाडौं), तीनवटा पुल (गोरखा) र चौतारामा खानेपानी

वितरण प्रणालीको पुनर्स्थापना (सिन्धुपाल्चोक) गरिएको थियो । त्यसै गरी जाइकाले तत्कालका आवश्यकताहरू सम्बोधन गर्न सहयोग गर्ने शीघ्र प्रभाव परियोजनाहरू (QIPs) अन्तर्गत गोरखा र सिन्धुपाल्चोकमा लगभग २० वटा साना स्तरका सार्वजनिक संरचनाहरूको पुनर्निर्माणमा सहयोग गरेको थियो ।

### ४. सांस्कृतिक सम्पदा

जाइकाले काठमाडौं दरबार स्क्वायरमा रहेको शिव मन्दिर र आगन्छें मन्दिर, पाटन दरबार स्क्वायरमा रहेको देगु तलेजु मन्दिरको पुनर्स्थापना/पुनर्निर्माणमा सहयोग गर्न पुरातत्व विभागमा जापानी विज्ञहरू पठायो ।

### ५. जीविकोपार्जन पुनर्लाभ

जाइकाले गोरखा र सिन्धुपाल्चोकका भूकम्प प्रभावित समुदायको जीविकोपार्जन सुधार गर्न पनि सहयोग गरेको थियो । जाइकाले तरकारी खेती, गुणस्तरीय बीउ उत्पादन र बाख्रा पालनमा सहयोग उपलब्ध गरायो । हाल जाइकाको सहभागितामूलक ग्रामीण पुनर्लाभ परियोजना [Project for Participatory Rural Recovery (PPRR) ले जीविकोपार्जनमा आधारित विभिन्न सामुदायिक पुनर्लाभ परियोजनाहरू कार्यान्वयन गरिरहेको छ । यी परियोजनाले स्थानीय तहको विकास योजना तर्जुमा तथा कार्यान्वयनमा समुदायका आवश्यकताहरू समावेश गर्न सहभागितामूलक प्रक्रिया तथा संयन्त्रहरू एकीकृत गरी सुदृढ बनाउने लक्ष्य राखेको छ ।

### ६. पुनर्लाभ योजना र विपद् पूर्वतयारी

जाइकाले गोरखा र सिन्धुपाल्चोक जिल्लाका लागि अझ राम्रो र बलियो निर्माणको अवधारणामा आधारित पुनर्लाभ तथा पुनर्स्थापना योजना (Recovery and Rehabilitation Plan-RRP) बनाउन सहयोग गरेको छ । राजधानीमा विपद् जोखिम न्यूनीकरणका लागि बृहत् नीतिगत खाकाको रूपमा काठमाडौं उपत्यका उत्थानशीलता योजना (Kathmandu Valley Resilience Plan-KVRP) पनि तयार गरिएको छ । गोरखा र सिन्धुपाल्चोकको पहिरो जोखिम नक्सा तयार गरियो भने भविष्यमा भूकम्पबाट हुन सक्ने सम्भावित मानवीय, पूर्वाधार र आर्थिक क्षतिको विश्लेषण गर्न काठमाडौं उपत्यकाको भूकम्प जोखिम मूल्याङ्कन गरिएको छ । चालू सहभागितामूलक ग्रामीण पुनर्लाभ आयोजना परियोजनाले स्थानीय तहका लागि सहभागितामूलक ग्रामीण पुनर्लाभ निर्देशिका विकास गरिरहेको छ ।

### भावी कार्यदिशा

अहिले गोरखा भूकम्प गएको सात वर्षभन्दा बढी समय बितिसकेको छ र अधिकांश पुनर्लाभ तथा पुनर्निर्माणको काम सम्पन्न भएको छ । जाइकाको सहयोग अब बिस्तारै भूकम्पपछिको पुनर्निर्माणबाट विपद् जोखिम न्यूनीकरणतर्फ केन्द्रित हुँदै गइरहेको छ, जाइकाको परियोजनाहरू अब यस मुलुकलाई विपद् उत्थानशील बनाउने र भविष्यका विपद्का लागि तयार रहन सहयोग गर्ने परियोजनाहरूमा रूपान्तरण हुँदैछन् ।

# विपद् जोखिम न्यूनीकरण



*भवन निर्माण भइरहेको ठाउँमा भवन निर्माण संहिताको पालना भइरहेको छ छैन भनी गरिएको आधारभूत सर्वेक्षण*

## पृष्ठभूमि

जाइकाको सहयोग विपद् जोखिम न्यूनीकरण र जलउत्पन्न विपद् तथा भूकम्प व्यवस्थापनमा केन्द्रित रहेको छ । सन् १९९१ देखि जाइकाले जलउत्पन्न विपद् रोकथामका कार्यमा सहयोग गर्दै आएको छ । शुरूमा जाइकाले उलउत्पन्न विपद् रोकथाम प्राविधिक केन्द्र (DPTC) स्थापना गर्न सहयोग गरेको थियो र यसले पछि नेपाल सरकारको नियमित विभाग जलउत्पन्न विपद् व्यवस्थापन विभागको रूपमा कार्य गर्न थाल्यो । हालैको सरकारी पुनर्संरचनापछि यो विभाग पछिफेरि सिँचाइ विभागमा गाभिएर जलस्रोत तथा सिँचाइ विभाग बनेको हो ।

सन् २०१५ को गोरखा भूकम्पपछि जाइकाले भूकम्पीय जोखिममा बढी ध्यान केन्द्रित गरेको छ । काठमाडौं उपत्यकाको भूकम्प जोखिम मूल्याङ्कन परियोजना (The project for the Earthquake Risk

Assessment of the Kathmandu Valley) र हिमालयन भूकम्प तथा विपद् न्यूनीकरणसम्बन्धी एकीकृत अनुसन्धान परियोजना (Project for Integrated Research on Himalayan Earthquake and Disaster Mitigation) सम्पन्न भएका छन् ।

## जाइकाको सहयोग

भूकम्पपछिको जाइकाको सहयोगले विपद् उत्थानशील समाज निर्माणलाई साकार पार्ने उद्देश्यका साथ अझ बलियो र राम्रो निर्माणको अवधारणामा आधारित पुनर्स्थापना तथा पुनर्निर्माण कार्यमा केन्द्रित रह्यो । पुनर्लाभ तथा पुनर्निर्माणका कार्यहरू अन्तिम चरणमा प्रवेश गरेसँगै जाइकाले पुनर्स्थापनाका कार्य र जोखिम मूल्याङ्कनको नतिजाबाट सिकाइ लिँदै आफ्ना कार्यहरूलाई पुनर्लाभ तथा पुनर्निर्माणबाट बिस्तारै विपद् जोखिम न्यूनीकरणमा केन्द्रित गर्न थाल्यो ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ ले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (NDRRMA) स्थापना गरी यसलाई विपद् उत्थानशील नेपाल निर्माणमा अग्रणी भूमिका प्रदान गरेको छ । जाइकाले हाल काठमाडौं उपत्यकाको उत्थानशीलताका लागि विपद् जोखिम सुशासन सुदृढीकरण कार्यक्रम [Project for Strengthening Disaster Risk Governance for Resilience in the Kathmandu Valley (REKV)] मार्फत राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको क्षमता सुदृढ गर्न सहयोग गरिरहेको छ । यस परियोजनाले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई सार्वजनिक संरचना तथा प्रमुख सडकहरू जस्ता महत्वपूर्ण पूर्वाधारहरूका लागि सरकारी कोष विनियोजनका लागि लगानी प्रणाली स्थापना गर्न र स्थानीय तहमा विपद् जोखिम न्यूनीकरणको मूल प्रवाहीकरण बढाउन सहयोग गर्नेछ ।

जाइकाले शहरी विकास तथा भवन निर्माण विभागलाई सुरक्षित भवन निर्माणका लागि राष्ट्रिय भवन संहिता पालनाको प्रवर्द्धन कार्यक्रम [Project for Promotion of Nepal National Building Code Compliance for Safer Building Construction (NBCC)] मार्फत राष्ट्रिय भवन संहिताको अनुपालन संयन्त्र सुधार गर्न सहयोग गरिरहेको छ । यस परियोजनाले काठमाडौं उपत्यकामा राष्ट्रिय भवन संहिताको अनुपालन हुने गरी भूकम्प प्रतिरोधी तथा सुरक्षित भवन निर्माणमा सहजीकरण गर्नेछ ।

### भावी कार्यदिशा

विपद् पूर्व गरिने लगानी र अझ बलियो र राम्रो निर्माणको अवधारणा अवलम्बन गरी विपद् जोखिम न्यून गर्न सकिने कुरामा जाइका विश्वास गर्छ । दीर्घकालीन विपद् जोखिम न्यूनीकरणमा लगानी बढाउनु र देशको उत्थानशीलता सुदृढीकरण गर्नु नै नेपालको विकासको बाटो हो । जाइकाले विपद् उत्थानशील नेपाल निर्माण गर्न नेपाल सरकार र यहाँका जनतालाई सहयोग गरिरहने छ ।






## जलवायु परिवर्तनसम्बन्धी कार्यहरू



- डिजिटल इलेभेसन मोडेल तथा अर्थोफोटो विकास परियोजना
- दिगो वन व्यवस्थापनमार्फत जलवायु परिवर्तन अनुकूलन परियोजना

# जलवायु परिवर्तन अनुकूलन कार्यक्रम

## पृष्ठभूमि

जलवायु परिवर्तन एक वास्तविक घटना हो र नेपालका स्थानीय समुदायहरूले आफ्नो दैनिक जीवनमा जलवायु परिवर्तनको साक्षी बनिरहेका छन् । विश्व जलवायु जोखिम सूचकांक २०१९ अनुसार नेपाल जलवायु जोखिमको चौथो स्थानमा रहेको छ । तसर्थ, यसले जलवायु परिवर्तनका प्रभावहरूसँग जुझ्न तत्काल जलवायु परिवर्तन अल्पीकरण तथा अनुकूलन उपायहरू थाल्न आह्वान गर्दछ ।

जलवायु परिवर्तन जाइकाको विकास सहयोगका लागि एउटा प्राथमिकताप्राप्त क्षेत्र हो । जाइकाले विपद् रोकथाम तथा जलवायु परिवर्तनसम्बन्धी कार्यहरू अन्तर्गत जलवायु परिवर्तनका क्षेत्रमा कार्य गर्दछ । हाल, जलवायु परिवर्तनका क्षेत्रमा दुईवटा चालू परियोजनाहरू छन् :

**(१) डिजिटल इलेभेसन मोडेल तथा अर्थोफोटो विकास परियोजना [The Project for the Development of Digital Elevation Model and Orthophoto (DEM Project)]:** यस परियोजनाले पूर्वी तराईमा उच्च सटीकता भएको अंक उचाइ मोडेल (high-precision numerical elevation model) र अर्थोफोटोको विकास गर्दैछ । जोखिम नक्साङ्कनका लागि आवश्यक पर्ने यी नक्साले बाढीबाट हुने क्षतिलाई कम गर्नेछ र यसरी हार्डवेयर र सफ्टवेयर दुवै तरिकाबाट विपद् उत्थानशील राष्ट्र निर्माणमा योगदान पुर्‍याउँछ ।

**(२) दिगो वन व्यवस्थापनमार्फत जलवायु परिवर्तन अनुकूलनका लागि प्राविधिक सहायता परियोजना (Technical Cooperation Project on Climate Change Adaptation through Sustainable Forest Management):** यस पाँचवर्षे परियोजनाले राष्ट्रिय तथा प्रदेश तथा स्थानीय तहमा दिगो वन व्यवस्थापनमार्फत जलवायु परिवर्तन अनुकूलनका कार्यलाई गति दिन जिम्मेवार रहेका सरकारी निकायहरूको संस्थागत क्षमतालाई सुदृढ पार्ने उद्देश्य राखेको छ ।

# सुशासनका लागि जनशक्ति विकास

- जनशक्ति विकास छात्रवृत्ति कार्यक्रम

सुशासन तथा लोकतान्त्रिकरणको अभिवृद्धि

# जलवायु परिवर्तन अनुकूलन कार्यक्रम




## पृष्ठभूमि

सन् २०१५ मा नेपालको संविधान जारी भएपछि नेपाल सरकारका तीन तहको संरचना - सङ्घ, प्रदेश र स्थानीय तह - मिलेर बनेको सङ्घीयतामा रूपान्तरण भयो । सङ्घीय प्रणाली अन्तर्गत पहिलोपटक २०७४ सालमा सरकारका तीनवटै तहको निर्वाचन भयो र त्यसको पाँच वर्षपछि २०७९ सालमा सरकारका तीनवटै तहको दोस्रो निर्वाचन सम्पन्न भयो । २०७९ साल जेठमा भएको स्थानीय तहको निर्वाचनबाट ७५३ स्थानीय तहले २९३ मेयर/उपमेयर, ४६० अध्यक्ष/उपाध्यक्ष र ६ हजार ७४३ वडाध्यक्ष नवनिर्वाचित जनप्रतिनिधि पाएका छन् । त्यसैगरी स्थानीय निर्वाचनबाट निर्वाचित महिला उम्मेदवार हरूमा १३ मेयर, २ सय ३२ उपमेयर, १२ अध्यक्ष, ३ सय ३५ उपाध्यक्ष, ६९ वडाध्यक्ष र १३ हजार ७८४ वडा सदस्य पाएका छन् जसमा ६ हजार ७३२ दलित महिला उम्मेदवार निर्वाचित भएका छन् (निर्वाचन आयोग नेपालको वेबसाइट) । यसले राजनीतिक क्षेत्रमा महिलाको उपस्थितिलाई देखाउँछ ।

नेपाल सरकारले प्रदेश र स्थानीय सरकारलाई सुचारु ढङ्गले सञ्चालन गर्नका लागि विभिन्न कानूनहरू तयार गर्दै आएको छ । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४, अन्तरसरकारी

वित्त व्यवस्थापन ऐन २०७४, स्थानीय सरकार सञ्चालन ऐन २०७४, निजामती सेवा समायोजन ऐन २०७४ र स्थानीय तहको प्रशासन जस्ता विभिन्न ऐनहरूको कार्यान्वयन हुनु सरकारका विभिन्न तहहरूको प्रभावकारी सञ्चालनका लागि महत्वपूर्ण छ । विभिन्न नगरपालिका र गाउँपालिकामा नगरपालिका र गाउँपालिकाको प्रशासनले बिस्तारै राम्रो काम गरिरहेको छ । तर भर्खरै निर्वाचित स्थानीय जनप्रतिनिधिहरूसँग स्थानीय सरकार कसरी सञ्चालन गर्ने भन्ने पर्याप्त अनुभव र क्षमता नहुन सक्छ । स्रोत र राजस्वको उपयोगका सम्बन्धमा सङ्घ, प्रदेश र स्थानीय तहबीच द्वन्द्व देखिएको छ । स्थानीय प्रशासनमा जवाफदेहिता तथा पारदर्शिताको अभाव, पर्याप्त तथा अनुभवी जनशक्तिको अभावका कारण योजना तर्जुमा प्रभावकारी नहुनु पनि प्रमुख समस्याका रूपमा रहेको छ । केन्द्र सरकार, प्रदेश सरकार र स्थानीय तह, राजनीतिक दल, जनप्रतिनिधि र सामुदायिक सङ्घसंस्थाहरू नागरिकप्रति बढी जिम्मेवार र जवाफदेही हुनुपर्छ । जनतालाई सबै निर्णय प्रक्रिया र शासनका सबै तहमा सहभागी हुन सक्ने गरी सशक्तीकरण गरिनुपर्छ । भ्रष्टाचार, गलत कार्य र सार्वजनिक स्रोतको दुरूपयोगमा शून्य सहनशीलता हुनुपर्छ । यो अवस्था हासिल गर्नका लागि सार्वजनिक प्रशासनलगायत सबै तहका सरोकारवालाको क्षमता अभिवृद्धि गर्न आवश्यक छ ।

## जाइकाको सहयोग

माथि उल्लिखित विषयहरूलाई सम्बोधन गर्न जाइकाले स्थानीय आवश्यकता अनुरूपका कार्यक्रम तर्जुमा तथा कार्यान्वयन र प्रभावकारी सेवा प्रवाह गर्ने कुरामा स्थानीय सरकारको क्षमता अभिवृद्धि गराउन सहयोग प्रदान गर्दछ । नेपालको सङ्घीयता प्रक्रियामा सहयोग गर्न जाइकाले स्थानीय निर्वाचित प्रतिनिधिहरूलाई प्रशिक्षण दिएर उनीहरूका गतिविधिहरूलाई सहयोग गर्ने जिम्मेवारी पाएको स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान (LDTA) को क्षमता अभिवृद्धिमा सहयोग गरेको थियो । सरकारी अधिकारीको क्षमता अभिवृद्धि गर्न जाइकाले जनशक्ति विकास छात्रवृत्ति [Human Resource Development Scholarship (JDS) कार्यक्रममार्फत सहयोग गर्दै आएको छ । त्यसै गरी जाइकाले नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान अर्थात् स्टाफ कलेजमा एक जना सल्लाहकार पठाएर अधिकृत स्तरका सरकारी अधिकारीलाई सार्वजनिक प्रशासनका सम्बन्धमा आवश्यक ज्ञान प्रभावकारी रूपमा प्रदान गर्ने नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको क्षमता विकासमा सहयोग गरेको छ ।

## जनशक्ति विकास छात्रवृत्तिका लागि जापानी अनुदान सहयोग

नेपालका लागि जनशक्ति विकास छात्रवृत्तिका लागि जापानी अनुदान सहयोग जापानको आर्थिक वर्ष २०१५ बाट शुरु भएको हो । ल्क को उद्देश्य सरकारी क्षेत्रका युवा र सक्षम कर्मचारीहरूलाई स्नातकोत्तर र पीएचडी डिग्री प्राप्त गर्ने अवसर प्रदान गरी नेपालको सामाजिक तथा आर्थिक विकासका योजना तर्जुमा तथा कार्यान्वयनमा सहभागी भई मुलुकको विकासमा योगदान पुर्‍याउन नेतृत्वदायी भूमिका निर्वाहमा जिम्मेवार बनाउँदै नेपाल सरकारको प्रशासनिक क्षमतालाई सुदृढ बनाउनु हो ।

प्रत्येक वर्ष यस छात्रवृत्तिले जापानका प्रतिष्ठित विश्वविद्यालयहरूमा दुई वर्षे स्नात्तकोत्तर तहमा २० वटा सिट र तीन वर्षे विद्यावारिधी तहका लागि (सन् २०१९ देखि) २ सिट प्रदान गर्दै आएको छ । हालसम्म १०० जना नेपालका निजामती कर्मचारी जापानका विश्वविद्यालयहरूबाट शैक्षिक अध्ययन पूरा गरी नेपाल फर्किर मुलुकको विकासमा योगदान पुऱ्याउन प्रमुख मन्त्रालय र स्थानीय तहमा कार्यरत छन् ।

हाल, ४३ जना जनशक्ति विकास छात्रवृत्ति (JDS) फेलो, ४० जना स्नात्तकोत्तर तह र दोस्रो र तेस्रो ब्याच गरी कुल तीन जनाले विद्यावारिधि तहमा अध्ययन गरिरहेका छन् । जनशक्ति विकास छात्रवृत्ति (JDS) कार्यक्रम दोस्रो चरणमा दुईवटा प्राथमिकता क्षेत्र र पाँचवटा उपविषगत क्षेत्र रहेका छन् :



*जापानमा नेपाली विद्यार्थीहरू*

- सामाजिक तथा आर्थिक पूर्वाधार र संयन्त्रको विकास, जसले आर्थिक वृद्धि र राष्ट्रिय जीविकोपार्जनमा प्रत्यक्ष सुधार निर्धारण गर्ने ।
- सुशासन अभिवृद्धि र लोकतन्त्रका लागि आधारभूत ढाँचाको विकास ।

जनशक्ति विकास छात्रवृत्ति (JDS) फेलोहरूले जापानबारे राम्रो ज्ञान हासिल गरी नेपाल र जापानबीचको सम्बन्ध सेतुको रूपमा कार्य गर्दै नेपाल र जापानबीचको द्विपक्षीय सम्बन्धलाई अझ प्रगाढ बनाउन योगदान गर्ने अपेक्षा गरिएको छ । उनीहरूले राम्रो वातावरणमा जापानी अनुभवहरूबारे प्रत्यक्ष ज्ञान हासिल गर्ने विशेष अवसर पाउनुको साथै मानव सञ्जाल निर्माण गर्ने अवसर पाउनेछन् ।

JDS कार्यक्रममा अध्ययनका क्षेत्रलाई उपकार्यक्रम क्षेत्र (लक्षित प्राथमिकता क्षेत्र) र विषयगत क्षेत्र (विकास मुद्धाहरू) भनिन्छ। तलको तालिकाले प्राथमिकताका क्षेत्रहरू, यससँग सम्बन्धित विश्वविद्यालय (Graduate school) र प्रत्येक विश्वविद्यालयले एक वर्षमा स्वीकार गरेका विद्यार्थीहरूको सङ्ख्यालाई देखाउँछ ।

वर्ष २०२२ नेपाल र जापानबीच अन्तर्राष्ट्रिय विद्यार्थी आदानप्रदान (International Student Exchange)को १२०औं वार्षिकोत्सव थियो र जापानले यस वार्षिकोत्सवलाई जापान-दक्षिण एसिया आदानप्रदान वर्ष (Japan–South Asia Exchange year) को रूपमा मनायो ।

**तालिका : सन् २०१९-२०२२ का लागि अध्ययनका क्षेत्र र सम्बन्धित विश्वविद्यालय (जेडीएस चरण २)**

| प्राथमिकताका क्षेत्र (उपकार्यक्रम) | विकासका मुद्दा (विषयगत क्षेत्र) | सम्बन्धित विश्वविद्यालय (ग्रयाजुएट स्कुल) | प्रत्येक ब्याचमा स्वीकृत सङ्ख्या |
|---|---|---|---|
| १. सामाजिक तथा आर्थिक पूर्वाधार र संयन्त्रको विकास, जसले आर्थिक वृद्धि र राष्ट्रिय जीविकोपार्जनमा प्रत्यक्ष सुधार निर्धारण गर्ने । | १.१ आर्थिक नीति | हिरोशिमा युनिभर्सिटी ग्रयाज्युएट स्कुल अफ ह्युमनिटिज एण्ड सोसल साइन्स, इन्टरनेशनल इकोनोमिक डेभलपमेन्ट प्रोग्राम | ३ |
| | | वासेदा युनिभर्सिटी ग्रयाजुएट स्कुल अफ एसिया प्यासिफिक स्टडिज (GSAPS) | २ |
| | १.२ औद्योगिक विकास नीति | इन्टरनेशनल युनिभर्सिटी अफ जापान (IUJ) ग्रयाजुएट स्कुल अफ इन्टरनेशनल म्यानेजमेन्ट (GSIM) | ३ |
| | १.३ पूर्वाधार विकास | साइतामा युनिभर्सिटी ग्रयाजुएट स्कुल अफ इन्टरनेशनल म्यानेजमेन्ट (GSIM) | २ |
| २. लोकतन्त्रका लागि सुशासन अभिवृद्धि र आधार भूत ढाँचाको विकास | २.१ मानव संशाधन तथा सरकारी अधिकारीको प्रशासनिक क्षमता विकास | इन्टरनेशनल युनिभर्सिटी अफ जापान (IUJ) ग्रयाज्युएट स्कुल अफ इन्टरनेशनल रिलेसन (GSIR) | २ |
| | | मेइजी युनिभर्सिटी | २ |
| | | यामागुचि युनिभर्सिटी | २ |
| | २.२ अन्तर्राष्ट्रिय सम्बन्ध निर्माण | रित्सुमेइकन युनिभर्सिटी | २ |
| | २.३ कानूनी तथा न्यायिक प्रणालीको सुधार | क्युशु युनिभर्सिटी ग्रयाज्युएट स्कुल अफ ल | २ |
| | | जम्मा | २० |

## आर्थिक गणना २०७५ कार्यान्वयन क्षमता विकास परियोजना

सङ्घीयता कार्यान्वयनको अर्को महत्वपूर्ण पक्ष भनेको आर्थिक संवृद्धि हो । केन्द्रीय तथ्याङ्क विभागले जाइकाको प्राविधिक सहयोगमा मार्च २०१६ देखि पाँच वर्ष अवधिका लागि आर्थिक गणना २०७५ कार्यान्वयन क्षमता विकास कार्यक्रम (Project on Capacity Development for the Implementation of Economic Census) 2018 कार्यान्वयन गरेको थियो । यस परियोजनाको उद्देश्य केन्द्रीय तथ्याङ्क विभागका कर्मचारीको क्षमता अभिवृद्धि गरी सन् २०१८ मा पहिलो आर्थिक गणना सञ्चालन गर्न र अन्य सम्बन्धित तथ्याङ्कीय सर्वेक्षणका सम्बन्धमा आवश्यक सीपहरू बढाउनु थियो । आर्थिक गणनाले उत्पादन गरेको तथ्याङ्कीय नतिजा विवरणलाई सरकारी निकाय, अनुसन्धान गर्ने संस्था र निजी क्षेत्रद्वारा नीति, योजना तथा रणनीतिहरूको तर्जुमा र कार्यान्वयन गर्न व्यापक रूपमा प्रयोग गर्नु थियो । यो एकीकृत तथ्याङ्कले निजी क्षेत्रलाई देशभित्र र बाहिरबाट मुलुकभर व्यापारका अवसरहरू खोजी गर्नका लागि अझ यथार्थपरक योजना बनाउन मद्दत गरेको थियो । केन्द्रीय तथ्याङ्क विभागले नेपाल कोभिड महामारीको चपेटामा परेपछिको नयाँ तथ्याङ्क प्राप्त गर्न सन् २०२४ मा दोस्रो आर्थिक गणना गर्ने तयारी थालेको छ ।

## अनुसन्धान तथा विश्लेषण क्षमता अभिवृद्धिमार्फत स्थानीय सुशासन प्रशिक्षण सुधार कार्यक्रम

स्थानीय सरकारको क्षमता अभिवृद्धिका लागि स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानमा बृहत् प्रशिक्षण प्रशिक्षण संयन्त्र स्थापना गर्न नेपालमा अनुसन्धान तथा विश्लेषण क्षमता अभिवृद्धिमार्फत स्थानीय सुशासन प्रशिक्षण सुधार कार्यक्रम [Project for Improving Local Governance Training through Capacity Enhancement on Research and Analysis (ILGT-CERA) (२०१६-२०२०) कार्यान्वयन गरियो । कार्यक्रमको लक्ष्य स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानको , विशेष गरी अनुसन्धान तथा विश्लेषण, प्रशिक्षण कार्यक्रम तथा प्रशिक्षण सामग्रीको विकास, प्रशिक्षण प्रदान तथा प्रशिक्षणको मूल्यांकन र ज्ञान व्यवस्थापनका क्षेत्रमा प्राविधिक जनशक्ति क्षमता अभिवृद्धिमा सहयोग गर्नु थियो । यस कार्यक्रमले सम्पत्ति कर, स्थानीय तहको योजना तर्जुमा, सामाजिक उत्तरदायित्व, लैङ्गिक उत्तरदायी बजेट, बालमैत्री स्थानीय शासन, सूचनाको हक आदिसम्बन्धी प्रशिक्षण सामग्रीहरूको विकास गर्न सहजीकरण गरेको थियो । यी प्रशिक्षण सामग्रीलाई स्थानीय तहमा परीक्षण गरी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग छलफल गरी अन्तिम रूप दिइएको थियो ।

## कानूनी सहयोग

- न्यायिक क्षेत्रमा जनशक्तिको क्षमता अभिवृद्धि
- कानूनी सहायता सल्लाहकार



# लोकतान्त्रिकरणमा सहयोग

## पृष्ठभूमि

जटिल राजनीतिक सङ्क्रमणकाल पार गरी अहिलेको अवस्थामा आइपुग्न नेपालले लामो यात्रा तय गरेको छ । संविधानसभाको दोस्रो कार्यकालबाट २०७२ सालमा नयाँ संविधान जारी भएपछि नेपालले विकासको सकारात्मक लय समातेको छ । अहिले मुलुकले नयाँ संविधानलाई निरन्तरता दिँदै सेवा प्रवाहमा सुधार ल्याउन र आर्थिक वृद्धि हासिल गर्न लोकतन्त्रलाई सुदृढ बनाउँदै अघि बढेको छ ।

लामो सङ्क्रमण र द्वन्द्वपछि नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राष्ट्र बनेको छ । संविधानले प्रस्तुत गरेका विभिन्न कार्यसूचीहरूमध्ये भर्खरै सम्पन्न सबै तहको निर्वाचन एउटा सफल कार्यान्वयन हो ।

शान्ति प्रक्रियाको प्रगति मूल्याङ्कन गर्दै कानूनको विकास, न्यायिक प्रणालीमा सुधार, न्यायिक क्षमता सुदृढ गर्ने जस्ता धेरै विषय/मुद्दा पहिचान गरिएको थियो । सङ्घ, प्रदेश र स्थानीय तहमा दिगो आर्थिक वृद्धि हासिल गर्न यी विषयलाई सम्बोधन गरिनुपर्छ ।

## जाइकाको सहयोग

जाइकाले लोकतान्त्रिक संस्था, केन्द्रीय तथा स्थानीय शासनको सुदृढीकरण र दिगो शान्तिका लागि सामुदायिक सशक्तीकरणमा केन्द्रित रहँदै नेपालको लोकतान्त्रिकरण र शान्ति निर्माण प्रक्रियामा सहयोग गरेको छ ।

जनताको जीवनमा स्थायित्व ल्याउन लोकतान्त्रिक संस्थाहरू जवाफदेही र भरपर्दो हुनुपर्छ । द्वन्द्वपछिको वातावरणमा सुदृढ लोकतान्त्रिक संस्थाहरू निर्माण चुनौतीपूर्ण हुनसक्छ तर युद्धको पुनरावृत्ति नहोस् भन्नका लागि लोकतान्त्रिक संस्थाहरू निर्माण अवाञ्छनीय विधि हो । लोकतान्त्रिकरणमा सामान्यतया विभिन्न विचार र दृष्टिकोणहरू समावेश हुन्छन् र यस्ता विषयहरु विवादित पनि हुन सक्छन् । त्यसैले द्वन्द्व व्यवस्थापनका लागि संसदीय प्रणाली, निर्वाचन प्रणाली र न्याय प्रणालीजस्ता संस्थाहरूको स्थापना आवश्यक हुन्छ । जाइकाले विकास तथा संवृद्धिको आधार मानिने स्थिर समाज निर्माणका लागि विभिन्न प्रकारका संवादका साथै लोकतान्त्रिक प्रणाली र संस्थाहरूको क्षमता विकासमार्फत लोकतान्त्रिकरण प्रक्रियालाई सहयोग गर्दै आएको छ ।

नेपालको न्यायपालिकामा मुद्दाको फछ्र्यौट/छिनोफानो ढिलो हुने गरेको छ । अदालतमा मुद्दा व्यवस्थापन तथा मेलमिलाप क्षमता अभिवृद्धि र अदालतको काम कारबाहीमा सुधार गरी न्यायमा प्रभावकारी पहुँच निर्माण गर्न सर्वोच्च अदालतसँग मिलेर द्रूत तथा भरपर्दो विवाद समाधानका लागि अदालतको क्षमता सुदृढीकरण परियोजना [Project for Strengthening the Capacity of Court for Expeditious and Reliable Dispute Settlement (SCC Project)] कार्यान्वयन गरिएको थियो । यस परियोजनाले नेपालमा मुद्दा व्यवस्थापन र अदालतले प्रेषण गरेको मेलमिलाप क्षमता अभिवृद्धि गर्न सहयोग पुऱ्याएको थियो । सर्वोच्च अदालतले अदालतको क्षमता सुदृढीकरण परियोजना (SCC Project) को सहयोगमा मुद्दा व्यवस्थापन निर्देशिका तयार गरी सबै जिल्ला अदालतमा पठाएको थियो । उक्त निर्देशिकाले जिल्ला अदालतहरूमा मुद्दा दर्ता गर्नेदेखि लिएर टुङ्गो लगाउनेसम्मको सम्पूर्ण सुनुवाइ प्रक्रियालाई समेटेको छ । निर्देशिकामा कानून मात्र नभएर नियम, सान्दर्भिक नजीर, सुझाव र सिद्धान्तहरू पनि समेटिएका छन् । प्रत्येक चरणको कार्यविधि विस्तारमा वर्णन गरिएको छ । यसले जिल्ला अदालतका कर्मचारीहरूलाई सहज रूपमा अघि बढाउन, समयमै फछ्र्यौट गर्न र सर्वसाधारण जनताको न्यायमा पहुँच सुनिश्चित गर्न सहयोग गरेको छ । परियोजनाले काभ्रेपलाञ्चोक, धनुषा र दाङका नमूना जिल्ला अदालतमा अदालतबाट प्रेषित मेलमिलापलाई प्रवर्द्धन गर्न मेलमिलाप केन्द्रहरूको निर्माणसमेत गरेको छ । अदालतको समग्र कार्यसम्पादनमा यी मेलमिलाप केन्द्रहरू प्रभावकारी देखिएकाले सर्वोच्च अदालतले अदालतहरूका नयाँ पूर्वाधार निर्माणमा मेलमिलाप केन्द्र राख्ने कार्यक्रमलाई समेट्न थालेको छ । अदालतबाट प्रेषित हुने मेलमिलापको सुदृढीकरणका अतिरिक्त जाइकाले सामुदायिक मेलमिलापका लागि पनि सहयोग गरेको थियो ।



*अदालतको क्षमता सुदृढीकरण कार्यक्रम अन्तर्गत धनुषा जिल्ला अदालत परिसरमा निर्माण गरिएको मेलमिलाप केन्द्र*

शान्त तथा सहिष्णु समाजका लागि सामुदायिक मेलमिलाप क्षमता अभिवृद्धि कार्यक्रम [Strengthening Community Mediation Capacity for Peaceful and Harmonious Society Project (COMCAP) Phase 1 and 2] चरण १ र २ सन् २०१० देखि २०१८ सम्म कार्यान्वयन गरिएको थियो । यस कार्यक्रमले त्यसबेलाको सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई स्थानीय तहको महत्वपूर्ण सेवाको रूपमा सामुदायिक मेलमिलाप कार्यक्रमलाई अघि बढाउँदै स्थानीय विवाद समाधान संयन्त्रको रूपमा सामुदायिक मेलमिलाप गतिविधिहरूलाई देशभर विस्तार गर्न सहयोग गरेको थियो । परियोजनाको मुख्य उद्देश्य



*धनुषा जिल्ला अदालतमा रहेको मेलमिलाप केन्द्रको उपयोग गरिँदै*

सामुदायिक मेलमिलापको शुरुवात तथा संस्थागत गरी विवाद व्यवस्थापनका लागि क्षमता र संयन्त्र अभिवृद्धि गर्नु थियो । यसको अर्को महत्वपूर्ण उद्देश्यसमाजका कमजोर क्षेत्रहरू जस्तै गरिब, महिला र सीमान्तकृत व्यक्तिहरूको न्यायमा पहुँच बढाउनु रहेको थियो । परियोजनाको दोस्रो चरणले असल अभ्यासहरूमा प्रशिक्षण र अभिमुखीकरण सामग्री, भिडियो र हातेपुस्तिका विकास गरी सरकारी प्रणालीमा सामुदायिक मेलमिलापलाई संस्थागत गर्ने विषयमा केन्द्रित थियो । परियोजनाले सिन्धुली, महोत्तरी, धनुषा, मोरङ र तनहुँ जिल्लाका विभिन्न गाउँपालिका र नगरपालिकामा मेलमिलाप केन्द्र स्थापना गर्न सहयोग गरेको थियो । विभिन्न विकास साझेदार, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी र परियोजनाको सामूहिक प्रयासबाट देशभरि उल्लेखनीय सङ्ख्यामा मेलमिलाप केन्द्रहरू स्थापना भई स्थानीय तहका विवादहरू समाधान भएका थिए । यी परियोजनाहरू पूरा भएपछि, जाइका र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले संयुक्त रूपमा फलोअप सहयोगका गतिविधिहरू कार्यान्वयन गरेका थिए । साथै देशभरि मेलमिलाप कार्यक्रम विस्तारका लागि मेलमिलाप केन्द्र सञ्चालन कार्यविधि, प्रशिक्षण पुस्तिका र हातेपुस्तिका विकास गरिएको थियो । यो कार्यविधि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट स्वीकृत भई उक्त मन्त्रालयको वेबसाइटमार्फत सबै स्थानीय तहहरूमा प्रसार गरिएको थियो । यसबाट नेपालमा सौहार्दपूर्ण र शान्त समाज निर्माणका लागि स्थानीय तहमा मेलमिलाप केन्द्रहरू स्थापना गर्न व्यापक रूपमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

२०७२ सालमा नेपालको संविधान जारी भएपछि स्थानीय तहले स्थानीय न्यायपालिकाको

अधिकारलगायतका विभिन्न एकल अधिकार प्राप्त गरेका छन् । स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम प्रत्येक गाउँपालिका र नगरपालिकामा न्यायिक समितिहरू गठन भएका छन् । न्यायिक समितिको एउटा प्रमुख कार्य स्थानीय तहमा दर्ता भएका विवादलाई मेलमिलापको प्रक्रियामार्फत समाधान गर्नु हो । यसबाट पनि स्थानीय तहमा विवाद व्यवस्थापनका लागि मेलमिलापलाई प्रभावकारी साधनको रूपमा स्वीकार भएको छ र यो स्थानीय सरकारले प्रवाह गर्नुपर्ने आधारभूत सेवा हो । । न्यायिक समितिले मेलमिलाप प्रक्रियाबाट विवाद समाधानमा सहयोग पुऱ्याउन पालिकाको प्रत्येक वडामा कम्तीमा एउटा मेलमिलाप केन्द्र स्थापना गर्नेछ । यसलाई परियोजनाले ठूलो उपलब्धिको रूपमा लिएको छ ।

## कानूनी क्षेत्रको सुधार

नेपालले लामो समयसम्म मुलुकी ऐन अवलम्बन गरेको थियो । तत्कालीन सरकारले सर्वोच्च अदालतका तत्कालीन न्यायाधीश माननीय खिलराज रेग्मीको अध्यक्षतामा मुलुकी ऐन परिमार्जन तथा सुधार कार्यदल गठन गरेको थियो । सरकारका यी पहलहरूलाई सहयोग गर्न जाइकाले सन् २००९ मा केइयो युनिभर्सिटी केइयो इन्स्टिच्युट फर ग्लोबल ल डेभलपमेन्टका प्रोफेसर हिरोशी मात्सुओ, सोका युनिभर्सिटी फ्याकल्टी अफ लका प्रोफेसर सतोशी मिनामिकता, एसिया युनिभर्सिटी फ्याकल्टी अफ लका प्रोफेसर हिरोयुकी किहारा सम्मिलित सल्लाहकार समूह गठन गरेको थियो । २०७४ साल असोज १० गते व्यवस्थापिका संसदले मुलुकी संहिता विधेयक र अन्य चारवटा कानून पारित गरेको थियो । यी सबै कानून २०७५ साल भदौ १ देखि कार्यन्वयनमा गएको छ । २०७२ सालमा जारी गरिएको नयाँ संविधानले सबै राजनीतिक उपलब्धिहरू समेटेको छ । त्यसैगरी, यो नयाँ मुलुकी संहिताले परिवर्तित परिवेशमा जनताको आकांक्षालाई सम्बोधन गर्ने प्रयास गरेको छ ।

## निर्वाचनमा सहयोग

